
# विशेष शिक्षामा आमा–बुवाहरूका अधिकारहरू
# प्रकृयानुसार सुरक्षा उपायहरू संबंधी सूचना



## प्रभावीः   ऑगस्ट २००६
## संशोधनः नोभेम्बर २००६

अपाङ् विद्यार्थीहरूको शिक्षासँग सम्बद्ध अपाङ् व्यक्तिहरूको शिक्षा ऐन (आइडिया), संघिय कानुनबमोजिम स्कूलहरूको लागि अपाङ् विद्यार्थीहरूका आमा–बुवाहरूलाई आइडिया र भर्मोन्ट शिक्षा विभागका विशेष शिक्षा नियमहरूभित्र उपलब्ध प्रकृयात्मक रक्षा उपायहरूको संपूर्ण विवरणलाई ओगटेको एउटा सूचना पठाउन आवश्यक छ (नियमहरूको संदर्भ भर्मोन्ट राज्य शिक्षा बोर्डको नियम र व्यवहारहरूको हात्तेपुस्तिकामा भेट्टाउन सकिन्छ; ३४ सि.एफ.आर. तिरको संदर्भ संघिय रजिष्टरमा भेट्टाउन सकिन्छ)।

यस सूचनाको एउटा प्रतिलिपि आमा–बुवाहरू वा वयस्क विद्यार्थीहरूलाई एक वर्षमा मात्र एकपटक अवश्य दिइनुपर्छ, यसबाहेक आमा–बुवाहरू वा वयस्क विद्यार्थीहरूलाई निम्नलिखित हुँदा पनि एउटा प्रति दिइनुपर्छः

१. मूल्याङ्कनको लागि सुरुवाती संदर्भ पाउँदा;

२. नियम २३६५.१.५ अन्तरगत पहिलो प्रशासनिक गुनासो पाउँदा वा नियम २३६५.१.६ अन्तरगत त्यस स्कूल वर्षभित्र गुनासोको प्रकृया छँदा;

३. कुनै आमा–बुवा अथवा वयस्क विद्यार्थी तर्फबाट त्यसको लागि अनुरोध गरिंदा; र

४. नियम ४३१३.१(एच)का अनुशासन प्रकृयाहरू अनुसार हुँदा।


VERMONT

DEPARTMENT OF EDUCATION

**विद्यार्थी समर्थन विभाग**

**(८०२) ८२८–५११४**

## विषय सूची

**पूर्व लिखित सूचना ..... 5**

सूचना ..... 5
सूचनाको सामग्री ..... 5
सूचना बुझिने भाषामा ..... 6

**मूल भाषा ..... 6**

**इलेक्ट्रोनिक मेल ..... 6**

सहमतिको परिभाषा ..... 7
सुरुवाती मूल्याङ्कनहरूको लागि सहमति ..... 7
सेवाहरूको लागि आमा–बुवाको सहमति ..... 8
सेवाहरूसम्बन्धी आमा–बुवाको सहमति रद्द गर्नु ..... 8
पुनः मूल्याङ्कनहरूको लागि आमा–बुवाको सहमति ..... 8
आमा–बुवाको सहमति पाउनको लागि गरिएका पर्याप्त प्रयासहरूलाई कागजमा लेख्नु ..... 9
सहमतिसम्बन्धी थप आवश्यकताहरू ..... 9

**स्वतंत्र शैक्षिक मूल्याङ्कनहरू ..... 10**

परिभाषाहरू ..... 10
सार्वजनिक खर्चमा मूल्याङ्कन पाउने आमा–बुवाको अधिकार ..... 10
आमा–बुवाबाट सुरुवात गरिएका मूल्याङ्कनहरू ..... 11
सुनुवाई अधिकृतहरूबाट मूल्याङ्कनहरूको लागि आग्रहहरू ..... 11
स्कूल जिल्ला/सुपरभाइजरी यूनियनको मानदंड ..... 11

**जानकारी र विद्यार्थी रेकर्डहरूको गोप्यता ..... 12**

परिभाषाहरू ..... 12
आमा–बुवाहरूलाई सूचना ..... 12
रेकर्डहरूसम्म पुग्ने अधिकारहरू ..... 13
पुगेकाहरूको रेकर्ड ..... 13
एकभन्दा बढ़ी नानीहरूको सम्बन्धमा रेकर्डहरू ..... 14
जानकारीको प्रकार र ठाउँहरूको सूची ..... 14
शुल्क ..... 14
आमा–बुवाको आग्रहमा रेकर्डहरूमा संशोधन ..... 14
सुनुवाईको अवसर ..... 14
सुनुवाईको परिणाम ..... 15
निजी रूपमा चिनाउने जानकारीको प्रकाशनको लागि सहमति ..... 15
सुरक्षा उपायहरू ..... 15
जानकारीलाई नष्ट पार्नु ..... 16

**प्रशासनिक गुनासो प्रकृयाहरू ..... 17**

ड्यू प्रोसेस सुनुवाई गुनासो र गुनासो गर्नको लागि प्रशासनिक प्रकृयाहरूबिच अन्तर ..... 17
प्रशासनिक गुनासो प्रकृयाहरू ..... 17

**ड्यू प्रोसेस गुनासो प्रकृयाहरू ..... 19**

ड्यू प्रोसेस गुनासो ..... 19
*सामान्य ..... 19*
*आमा–बुवाहरूको लागि जानकारी ..... 19*
गुनासोमा निहित सामग्री ..... 19
*सामान्य ..... 19*
*गुनासोमा निहित सामग्री ..... 20*
*ड्यू प्रोसेस गुनासोमाथि सुनुवाई हुनुभन्दाअघि आवश्यक सूचना ..... 20*
*गुनासोको पर्याप्तता ..... 20*
*गुनासोमा परिवर्तन ..... 20*

*ड्यू प्रोसेस गुनासोबारे स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनको जवाफ*......*21*
*ड्यू प्रोसेस गुनासोलाई अर्को पक्षको जवाफ*......*21*
मध्यस्थता......21
*सामान्य*......*21*
*आवश्यकताहरू*......*21*
*मध्यस्थको निष्पक्षता*......*22*
ड्यू प्रोसेस गुनासो र सुनुवाई पूर्ण नहुँदासम्म नानीको भर्ना......23
समाधान सत्र......23
*समाधान मीटिङ्*......*23*
*समाधान अवधि*......*24*
*३० क्यालेण्डर दिनको समाधान अवधिमा समायोजनहरू*......*25*
*लिखितमा उपायको सम्झौता*......*25*
*समाधान समिक्षा अवधि*......*25*
ड्यू प्रोसेस गुनासोहरूमाथि सुनुवाईहरू......25
*निष्पक्ष ड्यू प्रोसेस सुनुवाई*......*25*
*निष्पक्ष सुनुवाई अधिकृत*......*25*
*सुनुवाईको आग्रह गर्नको लागि मियाद*......*26*
*मियादका अपवादहरू*......*26*
सुनुवाई प्रकृयाहरू......26
*सामान्य*......*26*
*जानकारीको थप प्रदर्शन गर्नु*......*27*
*सुनुवाईमा आमा–बुवाका अधिकारहरू*......*27*
सुनुवाई अधिकृतको निर्णय......27
*साधारण जनताको सामु खोजहरू र निर्णय*......*27*
अपिलहरू......28
*सुनुवाईको निर्णय अन्तिम हुनु*......*28*
*सुनुवाईहरू र समिक्षाहरूका मियादहरू र सहजता*......*28*
कानूनी कार्रवाईहरू......28
*सामान्य*......*28*
*समयको मियाद*......*29*
*थप प्रकृयाहरू*......*29*
*जिल्ला न्यायालयहरूको अधिकार–क्षेत्र*......*29*
*निर्माणको नियम*......*29*
अटर्नीहरूका शुल्कहरू......29
*सामान्य*......*29*
*शुल्क दिनु*......*30*

**अपाङ् नानीहरूलाई अनुशासनमा ल्याउने प्रकृयाहरू......32**

स्कूल अधिकृतको अधिकार......32
*मुद्दाको आधारमा निर्धारण*......*32*
*सामान्य अधिकार*......*32*
*थप अधिकार*......*32*
*सेवाहरू*......*32*
*प्रदर्शनको निर्धारण*......*33*
*यो तोक्नु कि नानीको व्यवहार अपाङ्पनाको प्रदर्शन थियो*......*34*
*विशेष परिस्थितिहरू*......*34*
*परिभाषाहरू*......*34*
*सूचना*......*35*
अनुशासनसम्बन्धी निष्कासनले गर्दा शैक्षिक ठाउँमा परिवर्तन......35
*सेटिङ्लाई तोक्नु*......*35*
*अपिल*......*35*
*सुनुवाई अधिकृतको अधिकार*......36
*छिटो ड्यू प्रोसेस सुनुवाई*......*36*
*अपिलहरूको समयमा ठाउँ परिवर्तन*......*36*

विशेष सेवा र सम्बन्धी सेवाहरूको लागि योग्यता नपुगेका नानीहरूको संरक्षण....................37
*सामान्य सुरक्षाहरू....................37*
*अनुशासनसम्बन्धी मामिलाहरूको लागि जानकारीको आधार....................37*
*यदि जानकारी भएको कुनै आधार छैन भने लागू हुने परिस्थितिहरू....................37*
कानून लागू गर्ने र न्यायालयसम्बन्धी अधिकृतहरूलाई सन्दर्भ गर्नु र उनीहरूबाट कार्रवाई हुनु....................38
*रेकर्डहरूलाई पठाउनु....................38*

**सार्वजनिक खर्चामा आमा–बुवाबाट स्वतंत्र स्कूलहरूमा परिवर्तनसम्बन्धी आवश्यकताहरू....................39**

सामान्य आवश्यकताहरू....................39
स्वतंत्र स्कूल परिवर्तनको खर्चाको पूर्ति....................39
*खर्चाको पूर्ति कम्ती गरिनु....................39*

# पूर्व लिखित सूचना

नियम २३६५.१.१

## सूचना

निम्नलिखित गर्दा तपाईंको स्कूलको जिल्ला वा सुपरभाइजरी यूनियनले तपाईंलाई लिखित सूचना (लिखितमा केहि जानकारी) अवश्य प्रदान गर्नुपर्दछः

- यदि त्यसले तपाईंको निम्नलिखितमा कसैको सुरुवात गर्न वा परिवर्तन गर्न चाहन्छः
    - पहिचान,
    - मूल्याङ्कन,
    - तपाईंको नानीको शैक्षिक स्थानमा भर्ना, वा
    - तपाईंको नानीलाई सित्तैमा दिइने उपयुक्त जनशिक्षा (फेप)को प्रावधान; वा
- यदि उसले तपाईंको नानीको पहिचान, मूल्याङ्कन वा शैक्षिक स्थानमा भर्ना वा फेपको प्रावधानलाई शुरु वा परिवर्तन गर्न मनाही गर्दछ।

## सूचनाको सामग्री

लिखित सूचनामा निम्नलिखित अवश्य हुनुपर्दछः

- तपाईंको स्कूल जिल्ला वा सुपरभाइजरी यूनियनद्वारा आँफूले प्रस्ताव गरिने वा मनाही गरिने कार्रवाईलाई बुझाइएको हुनुपर्दछ;
- तपाईंको स्कूल जिल्ला वा सुपरभाइजरी यूनियनले कार्रवाईलाई किन प्रस्तावित वा मनाही गर्दैछ त्यो विस्तारसँग बुझाइएको हुनुपर्दछ;
- कार्रवाईलाई प्रस्तावित वा मनाही गर्ने निर्णय लिंदा तपाईंको स्कूल जिल्ला वा सुपरभाइजरी यूनियनले प्रयोग गरेका प्रत्येक मूल्याङ्कन प्रकृया, जाँच, रेकर्ड वा रिपोर्टलाई विस्तारसँग बुझाइएको हुनुपर्दछय
- एउटा भनाई हुनुपर्दछ जसभित्र तपाईंलाई आइडिया र भर्मोन्ट विशेष शिक्षा नियमहरूका प्रकृयानुरुप सुरक्षा उपायहरू अन्तरगत सुरक्षाहरू दिइएको छ;
- यो भनिएको हुनुपर्दछ कि यदि स्कूल जिल्ला वा सुपरभाइजरी यूनियनले प्रस्तावित वा मनाही गरेको कार्रवाई मूल्याङ्कन सुरुवाती संदर्भ छैन भने तपाईंले प्रकृयानुरूप सुरक्षा उपायहरूको विवरण कसरी पाउन सक्नुहुनेछ;
- आइडिया र भर्मोन्ट विशेष शिक्षा नियमहरूलाई बुझ्नमा मद्दत पाउनको लागि सम्पर्क गर्नको निम्ति तपाईंका स्त्रोतहरू;
- राम्रो सँग बुझाइएको तपाईंको नानीको निजीकृत शिक्षा कार्यक्रम (आइ.ई.पी.)ले विचारेको सबै विकल्पहरू र ती विकल्पहरूलाई अस्विकार गरिनुका कारणहरू; र
- तपाईंको स्कूल जिल्ला वा सुपरभाइजरी यूनियनले कार्रवाईलाई प्रस्तावित वा मनाही गर्ने थप कारणहरूको विवरणहरू दिइएको हुनुपर्दछ।

### सूचना बुझिने भाषामा

सूचनाभित्र निम्नलिखित कुराहरू हुनु आवश्यक छः

- सूचना साधारण जनताले बुझ्न सक्ने भाषामा लेखिएको हुनुपर्दछ; र
- तबसम्म सूचना तपाईंको मूल भाषा वा तपाईंले प्रयोग गर्नुहुने सचारको अन्य कुनै माध्यममा दिइनुपर्दछ, जबसम्म यो प्रष्ट न होस् कि यस्तो गर्न सम्भव छैन।
    - यदि तपाईंको मूल भाषा वा संचारको थप माध्यम लिखित भाषा छैन भने तपाईंको स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनले यो कुरा सुनिश्चित गर्नुपर्दछ किः
        - सूचनालाई तपाईंको भाषा वा संचारको थप माध्यममा उल्था गरेर थप माध्यमहरूबाट तपाईंलाई सुनाइएको छ।
        - तपाईंले सूचनामा भएको सामग्री बुझ्नुहुन्छ; र
        - १ र २ मिलेको लिखित प्रमाण हुनुपर्दछ।

## मूल भाषा

३४ सि.एफ.आर. §३००.२९

मूल भाषाको अर्थ, अँग्रेजी राम्रोसँग नबुझ्ने व्यक्तिको लागि, निम्नलिखित हुन्छः

- त्यस व्यक्तिद्वारा सामान्य रूपमा प्रयोग गरिने भाषा, वा, नानीको सन्दर्भमा, नानीका आमा–बुवाले सामान्य रूपमा प्रयोग गर्ने भाषा;
- नानीलाई सोझै सम्पर्क गर्दा (नानीको मूल्याङ्कन गर्दा समेतलाई मिलाएर), नानीले घरमा वा पढाइको वातावरणमा सामान्य रूपमा प्रयोग गरिने भाषा।
- अन्धो वा बहिरो, वा भाषा लिखितमा नभएको व्यक्तिको लागि, संचारको माध्यम त्यसले सामान्य रूपमा प्रयोग गर्ने माध्यम हो (जस्तै साईन ल्याङ्ग्वेज, ब्रेल, वा भनसुन गर्ने)

## इलेक्ट्रोनिक मेल

नियम २३६५.१.१(एच) (४)

यदि तपाईंको स्कूल जिल्ला वा सुपरभाइजर यूनियनले आमा–बुवाहरूलाई इमेलमार्फत कागजहरू पाउने विकल्प दिन्छ भने तपाईंले निम्नलिखितलाई इमेलमार्फत पाउने विकल्प रोझ्न सक्नुहुन्छः

- पूर्व लिखित सूचना;
- प्रकृयानुरूप सुरक्षा उपायहरू संबंधी सूचनाः र
- कुनै ड्यू प्रोसेस गुनासो संबंधी गुनासो संबंधी सूचनाहरू।

# आमा–बुवाहरूको सहमति

नियम २३६५.१.३

## सहमतिको परिभाषा

सहमतिको अर्थ होः

- तपाईंलाई निजको मूल भाषामा वा संचारको थप माध्यम (जस्तै सईन ल्याङ्ग्वेज, ब्रेल, वा भनसुन गरेर) मा कार्रवाई जसको बारेमा तपाईंले सहमति दिनुभएको छ, को संपूर्ण जानकारी पूर्ण तरिकाले दिइएको छ।
- तपाईंले त्यो कार्रवाईलाई बुझ्नुहुन्छ र लिखितमा त्यो सँग सहमति दिनुहुन्छ, र सहमतिमा त्यस कार्रवाईलाई बुझाइएको छ र यस्तो रेकर्डहरू (यदि कुनै छ भने)लाई सूचीबद्ध गरिएको छ जसलाई दिइनेछ र त्यो कसलाई दिइनेछ; र
- तपाईंले यो बुझ्नुहुन्छ कि तपाईंको सहमति स्वैच्छिक हो र तपाईंले आफ्नो सहमतिलाई जुनसुकै बेलामा पनि फिर्ता लिन सक्नुहुन्छ।
- सहमतिको जुन फिर्ती तपाईंले लिनुभएको छ त्यसबापत यस्तो कुनै कार्रवाईको विरोध हुँदैन जसको उत्पत्ति तपाईंले सहमति दिएपछि र सहमति फिर्ता लिनुभन्दा अघि भएको हो।

.

## सुरुवाती मूल्याङ्कनको लागि सहमति

पहिला निम्नलिखित नगरेसम्म तपाईंको स्कूल जिल्ला वा सुपरभाइजरी यूनियनले तपाईंको नानी आइडिया वा भर्मोन्ट विशेष शिक्षा नियमहरू अन्तरगत योग्य छ वा छैन भनेर निर्णय गर्नको लागि त्यसको सुरुवाती मूल्याङ्कनको संचालन गर्न सक्दैनः

- तपाईंलाई प्रस्तावित कार्रवाईको पूर्व लिखित सुचना दिने र
- आमा–बुवाको सहमति शीर्षक अन्तरगत उल्लिखित गरिएबमोजिम तपाईंको सहमति लिने।

तपाईंको स्कूल जिल्ला वा सुपरभाइजरी यूनियनको लागि तपाईंको नानी अपाङ् छ वा छैन भन्ने निर्णय गर्नको लागि सुरुवाती मूल्याङ्कनको निमित्त अभिज्ञानको सहमति पाउनको लागि पर्याप्त प्रयासहरू गर्न आवश्यक छ।

सुरुवाती मूल्याङ्कन को लागि सहमतिको यो अर्थ छैन कि तपाईंले निजको स्कूल जिल्ला वा सुपरभाइजरी यूनियनलाई आफ्नो नानीलाई विशेष शिक्षा र संबंधित सेवाहरूदिन पनि शुरु गर्ने सहमति दिनुभएको छ।

यदि तपाईंको नानी पब्लिक स्कूलमा एनरोल भइसकेको छ वा तपाईंले त्यसलाई कुनै पब्लिक स्कूलमा एनरोल गराउन खोज्नुभएको छ र तपाईंले सहमति दिन मनाही गर्नुभएको छ वा सुरुवाती मूल्याङ्कनको लागि सहमति दिने अनुरोधको जवाफ दिन सक्नुभएन भने, तपाईंको स्कूल जिल्ला वा सुपरभाइजरी यूनियनले निम्नलिखित गर्नसक्छ तर यसो गर्नुपर्ने अनिवार्य छैनः

- प्रकृयाको प्रयोग गरी मध्यस्थ खोजेर वा मौजुद जानकारीको समिक्षा गरी यी मूल्याङ्कनहरू गर्ने कार्य जारी राख्छ।
- मूल्याङ्कनलाई जारी नराख्ने निर्णय लिन्छ र यसो नगर्नुकोकारण नानीको रेकर्डमा लेख्नेछ।
    - यस्ता परिस्थितिहरूमा तपाईंको नानीको मूल्याङ्कन नगर्दा पनि तपाईंको स्कूल जिल्ला वा सुपरभाइजरी यूनियनले नानीको ठाउँको बारेमा थाहा गर्ने, पहिचान गर्ने र मूल्याङ्कन गर्ने कर्त्तव्यलाई नाघ्नेछैन।

## सेवाहरूको लागि आमा–बुवाको सहमति

तपाईंको नानीलाई विशेष शिक्षा र संबंधित सेवाहरू दिनुअघि तपाईंको स्कूल जिल्ला वा सुपरभाइजरी यूनियनले तपाईंको अभिज्ञान सहमति अवश्य लिनुपर्छ वा पहिलोपटकको लागि त्यो लिने पर्याप्त प्रयासहरू अवश्य गर्नुपर्छ।

यदि तपाईंले पहिलोपटकमा आफ्नो नानीको विशेष शिक्षा वा संबंधित सेवाहरू पाउनको लागि सहमतिको अनुरोधको जवाफ दिनुभएन, वा तपाईंले यस्तो सहमति दिन मनाही गर्नुभयो भने, यो हुनसक्छ कि स्कूल जिल्ला वा सुपरभाइजरी यूनियनले कुनै मध्यस्थता, प्रकृयानुरूप गुनासो, समाधानको लागि मीटिङ्, वा केहि प्रकृयानुरूप जाँचको प्रयोग नगरोस्।

यदि तपाईंले पहिलोपटकमा आफ्नो नानीको विशेष शिक्षा वा संबंधित सेवाहरू पाउनको लागि सहमति दिन मनाही गर्नुभयो, वा तपाईंले यस्तो सहमतिको अनुरोधको जवाफ दिनुभएन भने र तपाईंको स्कूल जिल्ला वा सुपरभाइजरी यूनियनले तपाईंको नानीलाई ती विशेष शिक्षा र संबंधित सेवाहरू दिँदैन, जसको लागि तपाईंको सहमति मागिएको थियो, भने तपाईंको स्कूल जिल्ला र सुपरभाइजरी यूनियनः

- ले तपाईंको नानीलाई ती सेवाहरू दिन नसकेर त्यसलाई उपलब्ध सित्तैको उपयुक्त सार्वजनिक शिक्षा (फेप)को आवश्यकतालाई नाघेको छैन; र
- को लागि तपाईंको नानीको विशेष शिक्षा र संबंधित सेवाहरूको निमित्त निजीकृत शिक्षा कार्यक्रम (आई.ई.पी) मीटिङ् वा नानीको लागि आई.ई.पी. विकसित गर्ने कार्य आवश्यक छैन।

## सेवाहरूसंबंधी आमा–बुवा सम्बन्धी सहमति रद्द गर्नु

विशेष शिक्षा सेवाहरू शुरु हुनुभन्दा अघि वा पछि तपाईंसँग जुनसुकै बेलामा पनि ती सेवाहरूको लागि दिइएको सहमतिलाई रद्द गर्ने अधिकार छ।

यदि तपाईंले यसो गर्नुहुन्छ भने तपाईंको स्कूल जिल्ला वा सुपरभाइजरी यूनियनले मध्यस्थता वा प्रकृयानुरूप सुनुवाईको लागि अनुरोध नगर्नपनि सक्छ।

यसैसाथ, तपाईंको नानीपनि विशेष शिक्षा नियमहरू अन्तरगत अनुशासनको संबंधमा सुरक्षित रहनेछैन।

यदि तपाईंले सहमतिलाई रद्द गर्नुभयो भनेपनि तपाईंको नानी सेक्शन ५०४ अन्तरगत भेदभावबाट सुरक्षित जोगिन सक्नेछ।

तपाईंले यो अनुरोध गर्न सक्नुहुन्छ कि स्कूलले यो बिचार गरोस् कि सेक्शन ५०४ अन्तरगत तपाईंको नानी कुन बस्ने ठाउँको लागि योग्य छ।

## पुनः मूल्याङ्कनहरूको लागि आमा–बुवाको सहमति

तपाईंको स्कूल जिल्ला वा सुपरभाइजरी यूनियनले निम्नलिखितको प्रदर्शन गर्न नसकेसम्म तपाईंको स्कूल जिल्ला वा सुपरभाइजरी यूनियनले निजको नानीको पुनर्मूल्याङ्कन गर्नुअघि निजको अभिज्ञान सहमति अवश्य लिनुपर्छःः

- त्यसले तपाईंको नानीको लागि निजकोसहमति पाउनको लागि पर्याप्त पाइलाहरू चालिसकेको थियो; र
- तपाईंले जवाफ दिनुभएको थिएन।

यदि तपाईंको नानी पब्लिक स्कूलमा एनरोल भइसकेको छ वा तपाईंले त्यसलाई कुनै पब्लिक स्कूलमा एनरोल गराउन खोज्नुभएको छ र तपाईंले सहमति दिन मिनाहा गर्नुभएको छ वा सुरुवाती मूल्याङ्कनको लागि सहमतिको अनुरोधको जवाफ दिन सक्नुभएन भने, तपाईंको स्कूल जिल्ला वा सुपरभाइजरी यूनियनले निम्नलिखित गर्नसक्छ तर यसो गर्नुनै पर्ने भन्ने आवश्यक छैनः

- मध्यस्थताको खोजी गरेर, मौजूद प्रकृया ड्यू प्रोसेस को प्रयोग गरेर, वा मौजूद जानकारीको समिक्षा गरेर यी मूल्याङ्कनहरूलाई जारी राख्न सक्छ।
- मूल्याङ्कनलाई जारी नराख्ने निर्णय गर्नसक्छ र त्यसो गरेपछि नानीको रेकर्डमा यसो गर्नाको कारण लेख्नेछ।

यदि तपाईंको स्कूल जिल्ला वा सुपरभाइजरी यूनियनले यस्ता परिस्थितिहरूमा तपाईंको नानीको मूल्याङ्कन गर्दैन भने त्यसबाट तपाईंको नानीको पत्तो लगाइने, पहिचान गरिने र मूल्याङ्कन गरिने कर्त्तव्यको उल्लङ्घना हुँदैन।

## आमा–बुवा सम्बन्धी सहमति पाउनको लागि गरिएका पर्याप्त प्रयासहरूलाई कागजमा लेख्नु

तपाईंको स्कूलले पहिलोपटक विशेष शिक्षा र संबंधित सेवाहरू दिनको लागि, सुरुवाती मूल्याङ्कनहरूको लागि अमेरिकाका विद्यार्थीहरूका आमा–बुवाहरूको पुनर्मूल्याङ्कन गर्न र उनीहरूको खोजी गर्न, सुरुवाती मूल्याङ्कनहरूको लागि तपाईंको आमा–बुवा सम्बन्धी सहमति पाउनको लागि पर्याप्त प्रयासहरूलाई, आवश्यक रूपमा लेखेर राख्नृपर्छ। कागजहरूमा यिनी क्षेत्रहरूमा तपाईंको स्कूल जिल्ला वा सुपरभाइजरी यूनियनले गरेका प्रयासहरूको रेकर्ड सामेल अवश्य हुनुपर्छ, जस्तैः

- तिनले गरेका वा प्रयास गरिएका फोन कलहरूका विस्तृत रेकर्डहरू र ती कलहरूका परिणामहरू;
- तपाईंलाई पठाइएका चिठीहरूका कपीहरू र पाएका जवाफहरू; र
- तपाईंको घर वा रोजगारीको ठाउँमा गएर भेंट गरिएको संबंधी विस्तृत रेकर्डहरू र ती भेंटहरूका परिणामहरू।

## सहमति संबंधी थप आवश्यकताहरू

तपाईंको सहमति आवश्यक त्यतिबेला सम्म हुँदैन जहिलेसम्म तपाईंको स्कूल जिल्ला वा सुपरभाइजरी यूनियनले निम्नलिखित नगरिएको होस्ः

- तपाईंको नानीको मूल्याङ्कन वा पुनर्मूल्याङ्कनको अंशको रूपमा मौजूद जानकारीको समिक्षा; वा
- सबै नानीहरूका आमा–बुवाहरूको तर्फबाट परीक्षा वा मूल्याङ्कनको लागि सहमति चाहिनुभन्दा अघि सबै नानीहरूलाई दिइने परीक्षा वा थप मूल्याङ्कन तपाईंको नानीलाई दिनु।

तपाईंको स्कूल जिल्ला वा सुपरभाइजरी यूनियनले एउटा सेवा वा कृयाको लागि तपाईंले गर्नुभएको मिनाहालाई अरू कुनै सेवा, लाभ, वा कृया नदिनको लागि प्रयोग गर्न पाउँदैन।

यदि तपाईंः

- ले आफ्नो पैसा खर्चा गरेर निजको नानीलाई कुनै छुट्टै स्कूलमा एनरोल गराउनुभएको छ, वा
- आफ्नो नानीलाई घरैमा पढ़ाउनुभएको छ, र
- निजको नानीको सुरुवाती मूल्याङ्कन वा पुनर्मूल्याङ्कनको लागि आफ्नो सहमति दिनुहुन्न, वा
- ले सहमतिको अनुरोधको जवाफ दिनुहुन्न,

तपाईंको स्कूल जिल्ला वा सुपरभाइजरी यूनियनले तपाईंलाई सहमतिको लागि मजबुर गर्नको लागि मध्यस्थता, प्रकृयानुरूप गुनासो, समाधान मीटिङ्, वा आंशिक प्रकृयानुरूप सुनुवाईको प्रयोग गर्न सक्दैन र त्यसको लागि यो आवश्यक पनि छैन कि त्यसले तपाईंको नानीलाई समान सेवाहरू (आमा–बुवाहरू द्वारा छुट्टै स्कूलमा पढ़ाउने अपाङ् स्कूले नानीहरूको लागि उपलब्ध सेवाहरू) पाउनको लागि योग्यताबारे बिचार गरोस्।

## स्वतंत्र शैक्षिक मूल्याङ्कनहरू

नियम २३६२.२.७

### परिभाषाहरू

यदि तपाईं स्कूलको जिल्ला वा सुपरभाइजरी यूनियनले संचालन गरेको निजको नानीको मूल्याङ्कनबाट असहमत हुनुहुन्छ भने तल विवरण गरिएअनुसार, तपाईंसँग नानीको कुनै स्वतंत्र शैक्षिक मूल्याङ्कन (आई.ई.ई.) गराउन पाउने अधिकार छ।

यदि तपाईंले स्वतंत्र शैक्षिक मूल्याङ्कनको अनुरोध गर्नुहुन्छ भने स्कूलको जिल्ला वा सुपरभाइजरी यूनियनले यो जानकारी आवश्यक रूपमा उपलब्ध गराउनुपर्छ कि तपाईंले यस्तो स्वतंत्र शैक्षिक मूल्याङ्कन कता गराउन पाउन सक्नुहुनेछ र तपाईंको स्कूलको जिल्ला वा सुपरभाइजरी यूनियनका स्वतंत्र शैक्षिक मूल्याङ्कनहरूमा लागु हुने आधारहरू।

स्वतंत्र शैक्षिक मूल्याङ्कनको अर्थ हो यस्तो योग्य परीक्षकद्वारा संचालन गरिएको मूल्याङ्कन जो तपाईंको नानीको शिक्षाको लागि जिम्मेवार स्कूल जिल्ला वा सुपरभाइजरी यूनियनबाट नियुक्त गरिएको हुँदैन।

सार्वजनिक खर्चा भनेको अर्थ हो कि तपाईंको स्कूल जिल्ला वा सुपरभाइजरी यूनियनले मूल्याङ्कनको सम्पूर्ण खर्चा बेहोर्छ अथवा यसको पक्का निधो गर्छ कि नत्र मूल्याङ्कन तपाईंको लागि शून्य लागतमा गरियोस्।

### सार्वजनिक खर्चामा मूल्याङ्कन पाउने आमा–बुवाको अधिकार

तपाईंसँग निम्नलिखित परिस्थितिहरूमा यो अधिकार छ कि यदि तपाईं निजको स्कूल जिल्ला वा सुपरभाइजरी यूनियनबाट प्राप्त आफ्नो नानीको मूल्याङ्कन देखि असन्तुष्ट हुनुहुन्छ भने तपाईंको नानीको स्वतंत्र शैक्षिक मूल्याङ्कन सार्वजनिक खर्चाबाट होस्:

- यदि तपाईंले आफ्नो नानीको स्वतंत्र शैक्षिक मूल्याङ्कन सार्वजनिक खर्चाबाट गराउन अनुरोध गर्नुहुन्छ, भने तपाईंको स्कूल जिल्ला वा सुपरभाइजरी यूनियनले आवश्यक रूपमा, ढिलो नगरिकन, निम्नलिखितमा एउटा कार्य गर्नुपर्छः
    - यो देखाउनको लागि कि तपाईंको नानीको गरिएको मूल्याङ्कन उचित छ, सुनुवाईको अनुरोध गर्ने; वा
    - सार्वजनिक खर्चामा एउटा स्वतंत्र शैक्षिक मूल्याङ्कन प्रदान गर्ने।
- यदि तपाईंको स्कूल जिल्ला वा सुपरभाइजरी यूनियन सुनुवाईको लागि आग्रह गर्दछ र अंतिम निर्णय यो हुन्छ कि स्कूल जिल्ला वा सुपरभाइजरी यूनियनले गरेको तपाईंको नानीको मूल्याङ्कन ठिक हो, यसो भएपनि तपाईंसँग कुनै स्वतंत्र शैक्षिक मूल्याङ्कन गराउने अधिकार छ, त्यो तपाईंले सार्वजनिक खर्चामा गराउन पाउनुहुनेछैन।
- यदि तपाईंले आफ्नो नानीको स्वतंत्र शैक्षिक मूल्याङ्कनको आग्रह गर्नुहुन्छ भने तपाईंको स्कूल जिल्ला वा सुपरभाइजरी यूनियनले तपाईंको स्कूल जिल्ला वा सुपरभाइजरी यूनियनबाट पाइएको मूल्याङ्कन तपाईंलाई किन स्वीकार्य छैन भन्ने कुरा सोध्न सक्छ।
    - तर आफ्नो स्कूल जिल्ला वा सुपरभाइजरी यूनियनलाई जवाफ दिन तपाईंको लागि आवश्यक छैन र त्यसले कुनै कारण नभइकन स्वतंत्र शैक्षिक मूल्याङ्कन सार्वजनिक खर्चामा दिलाउन वा ड्यू प्रकृया संबंधी सुनुवाईको अनुरोध गर्नको लागि ड्यू प्रकृया गुनासोलाई फाईल गर्न निजी स्कूल जिल्ला वा सुपरभाइजरी यूनियनले गरेको मूल्याङ्कनलाई जोगाउनको लागि ढिलो गर्न पाउनेछैन।

प्रत्येक पटक जहिले तपाईंको स्कूल जिल्ला वा सुपरभाइजरी यूनियनले निजको नानीको तपाईंलाई अस्वीकार्य हुने मूल्याङ्कन गर्दछ तपाईंसँग सार्वजनिक खर्चामा आफ्नो नानीको स्वतंत्र शैक्षिक मूल्याङ्कनलाई एकपटकमात्र गराउने अधिकार छ।

## आमा–बुवाबाट सुरुवात गरिएका मूल्याङ्कनहरू

यदि तपाईंले सार्वजनिक खर्चामा आफ्नो नानीको मूल्याङ्कन पाउनुभएको छ अथवा तपाईंले निजी खर्चमा पाउनुभएको आफ्नो नानीको मूल्याङ्कनलाई आफ्नो स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनसँग साझा गर्नुभएको छ भने:

- तपाईंको स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनले, तपाईंको नानीलाई सित्तैको उपयुक्त सार्वजनिक शिक्षा (फेप)को प्रावधान गर्ने सम्बन्धी कुनै निर्णय लिँदा तपाईंको नानीको मूल्याङ्कनमाथि आवश्यक रूपमा यस कुरामाथि बिचार गर्नुपर्दछ कि त्यसबाट स्वतंत्र शैक्षिक मूल्याङ्कनको निम्ति स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनको योग्यता पुग्दछ कि पुग्दैन; र

- तपाईं अथवा तपाईंको स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनले मूल्याङ्कनलाई कुनै ड्यू प्रोसेस सुनुवाईमा तपाईंको नानीको सम्बन्धमा प्रमाणको रूपमा प्रस्तुत गर्न सक्दछ।

## सुनुवाई अधिकृतहरूबाट मूल्याङ्कनहरूको लागि आग्रहहरू

यदि कुनै सुनुवाई अधिकृतले ड्यू प्रोसेस सुनुवाईको निम्ति तपाईंको नानीको एउटा स्वतंत्र शैक्षिक मूल्याङ्कनको आग्रह गर्दछ भने, त्यस मूल्याङ्कनको मूल्य आवश्यक रूपमा सार्वजनिक खर्चाबाट बेहोरिनेछ!

## स्कूल जिल्ला/सुपरभाइजरी यूनियनको मानदंड

यदि स्वतंत्र शैक्षिक मूल्याङ्कन सार्वजनिक खर्चामा गराइएको छ भने, मूल्याङ्कनको ठाउँ र परीक्षकको योग्यताहरू समेतको मूल्याङ्कन पाउने मानदंड र तपाईंको स्कूल जिल्ला अथवा सुपरभाइजरीले मूल्याङ्कन गर्दा प्रयोग गरिने मानदंडसँग अवश्य मिल्नुपर्दछ।

माथि उल्लेखित मानदंडबाहेक, स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनले सार्वजनिक खर्चामा स्वतंत्र शैक्षिक मूल्याङ्कन पाउनको लागि अरू कुनै शर्त अथवा समयबद्धता थुपान्न पाउँदैन।

# जानकारीको गोप्यता र विद्यार्थी रेकर्डहरू

## परिभाषाहरू

नियम २३६५.२

जानकारीको गोप्यता र विद्यार्थी रेकर्डहरू शीर्षक अन्तरगत प्रयोग गरिएको अनुसारः

नाश गर्नु भनेको जानकारीबाट निजी चिनारीहरूलाई सखाप पार्नु अथवा निकाल्नु हुन्छ यसलाई जानकारी निजी रूपमा फेरि चिनाउनयोग्य नरहोस् भन्ने मंसायले गरिन्छ।

शैक्षिक रेकर्डहरू भनेको रेकर्डहरूका त्यस्ता प्रकारहरू हुन् जुनलाई ३४ सिएफआर भाग ९९ (१९७४, २० यू.एस.ई. १२३२जि (फेरपा)को परिवार शैक्षिक अधिकारहरू र गोप्यता ऐन लागू गर्ने विनियमहरू) मा "शैक्षिक रेकर्डहरू" को परिभाषा अन्तरगत राखिएको छ।

स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियन भनेको अर्थ हो यस्तो कुनै पनि स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियन, एजेंसी अथवा संस्था, जसले निजी रूपले चिनाउनसक्ने जानकारीलाई जम्मा गर्दछ, बनाउँदछ अथवा प्रयोग गर्दछ, अथवा आइडिया र भर्मोन्ट विशेष शिक्षा नियमहरू अन्तरगत जससँग जानकारी प्राप्त गरिन्छ।

निजी रूपमा चिनाउनसक्ने भनेको यस्तो जानकारी हो जसभित्र निम्नलिखित हुन्छन्ः

- तपाईंको नानीको, आमा–बुवाको रूपमा तपाईंको, अथवा परिवारको अरू सदस्यको नाम;
- तपाईंको नानीको ठेगाना;
- निजी चिनारी, जस्तै तपाईंको नानीको सामाजिक सुरक्षा नम्बर अथवा विद्यार्थी नम्बर; अथवा
- निजी लक्षणहरूको सूची अथवा थप जानकारी जसले गर्दा तपाईंको नानीलाई पर्याप्त निश्चिततासाथ चिन्न सम्भव हुनेछ।

## आमा–बुवाहरूलाई सूचना

नियम २३६५.२.१

भर्मोन्टको शिक्षा विभागले आवश्यक रूपमा यतिको पर्याप्त हुने सूचना दिनुपर्दछ जसले गर्दा आमा–बुवाहरूले पूर्ण रूपमा जानकारी पाऊन्, साथै तललेखिएका लाई पनि सामेल गरिनुपर्दछः

- मुलुकभरिका विभिन्न जनसंख्या समूहहरूको मूल भाषाहरूमा सूचना दिनुको सिमानाको एउटा विवरण;
- जुन नानीहरूको निजी चिनाउने जानकारी बनाएर राखिन्छ उनीहरूको, खोजिएका जानकारीहरूका प्रकारहरूको, जानकारी जम्मा गर्नको लागि मुलुकद्वारा प्रयोग गरिने तरिकाहरूको र जानकारीको गरिने प्रयोगहरूको विवरण;
- सहभागी हुने एजेंसीहरूले आवश्यक रूपमा पालना गर्नुपर्ने जम्मा गर्ने, तेस्रा पक्षहरूलाई भन्ने, निजी चिनाउने जानकारीलाई बनाएर राख्ने, र नष्ट गर्ने सम्बन्धी नीति र प्रकृयाहरूः र
- यस जानकारीको सम्बन्धमा आमा–बुवाहरू र नानीहरूको संपूर्ण अधिकारहरूको विवरण, जसभित्र ती अधिकारहरू पनि हुन्छन् जुन ३४ सिएफआर भाग ९९भित्र परिवार शैक्षिक अधिकारहरू र गोप्यता ऐन (फेर्पा) र त्यसको लागू भएको विनियमहरू अन्तरगत पर्दछन्।

कुनै प्रमुख चिनारी, ठाउँ, अथवा मूल्याङ्कन गतिविधि (जसलाई "नानी खोजी" पनि भनिन्छ) भन्दा पहिला, सूचनालाई आवश्यक रूपमा ती समाचारपत्रहरू अथवा अरू मिडिया, अथवा दुबैमा छपाउनु अथवा घोषणा गर्नुपर्दछ, जसको वितरण यस्तो छ कि मुलुकभरीका आमा–बुवाहरूलाई विशेष शिक्षा र सम्बन्धित सेवाहरूको आवश्यकता परेमा नानीहरूलाई खोज्न, चिन्न र उनीहरूको मूल्याङ्कन गर्न सकियोस्।

## रेकर्डहरूसम्म पुग्ने अधिकारहरू

नियम २३६५.२.२

तपाईंको स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनले तपाईंलाई ती सबै शैक्षिक रेकर्डहरूको जाँच र समिक्षा गर्ने अनुमति अवश्य दिनुपर्दछ जसको सम्बन्ध तपाईंको नानीसँग छ र जसलाई तपाईंको स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनले संघिय र मुलुकीय विशेष शिक्षा विनियमहरू अन्तरगत जम्मा, रेखदेख अथवा प्रयोग गर्दछ।

तपाईंको स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनले अनावश्क विलम्ब नगरिकन निजीकृत शैक्षिक कार्यक्रम (आई.ई. पी.)को सम्बन्धमा कुनै मीटिङ् अथवा निष्पक्ष ड्यू प्रोसेस सुनुवाई (जसभित्र एउटा समाधान मीटिङ् अथवा अनुशासन सम्बन्धी सुनुवाई सामेल हुन्छन्) हुनुभन्दा अघि, तपाईंले गर्नुभएको आफ्नो नानीको शैक्षिक रेकर्डहरूको जाँच र समिक्षा गर्ने आग्रहलाई आवश्यक रूपमा मान्नुपर्दछ, र जस्तोसुकै परिस्थिति भएतापनि आग्रह गरेको 45 क्यालेंडर दिनसम्म त्यसलाई मान्नुनै पर्दछ।

शैक्षिक रेकर्डहरूको जाँच र समिक्षा गर्ने तपाईंको अधिकारभित्र निम्नलिखित पर्दछन्:

- रेकर्डहरूको व्याख्या र अर्थ बुझाइदिनको लागि स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनलाई तपाईंले गर्नुभएको पर्याप्त आग्रहहरूको तिनीबाट जवाफ पाउने अधिकार;
- यदि तपाईंले रेकर्डहरूको कपीहरू पाउनुभएको छैन र तपाईंले रेकर्डहरूको जाँच र समिक्षा प्रभावी रूपमा गर्न सक्नुभएको छैन भने तिनीहरूलाई पाउनको लागि स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनसँग तपाईंको आग्रह गर्ने अधिकार; र;
- तपाईंको आफ्नो प्रतिनिधिमार्फत रेकर्डहरूको जाँच र समिक्षा गराउने अधिकार।
- तपाईंको स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनले यो अनुमान लगाउँदछ कि तपाईंसँग आफ्नो नानीसम्बन्धी रेकर्डहरूको जाँच र समिक्षा गर्ने अधिकार छ, तर यसो त्यसले गर्दैन यदि त्यसलाई यो सल्लाह दिइन्छ कि लागू यस्ता मामिलाहरू जस्तै अभिभावकपना, छुट्टिनु र/तलाकको परिस्थितिमा लागू हुने मुलुकीय ऐन बमोजिम तपाईंसँग सो अधिकार छैन।

## पुगेकाहरूको रेकर्ड

नियम २३६५.२.३

तपाईंको स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनले संघिय र मुलुकीय विशेष शिक्षा विनियमहरू अन्तरगत जम्मा गरिएका, रेखदेख भएका, र प्रयोग गरिएका शैक्षिक रेकर्डसम्म पुगेका पक्षहरूको (पुगेका आमा–बुवाहरू र तपाईंको स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनका अधिकृत कर्मचारीहरू बाहेक) एउटा रेकर्ड बनाएर राख्नुपर्दछ, जसभित्र पक्षको नाम, पुग्न दिएको मिति, र उद्देश्य जसको निमित्त पक्षसँग रेकर्डहरूलाई प्रयोग गर्ने अधिकार छ।

## एकभन्दा बढ़ी नानीको सम्बन्धमा रेकर्डहरू

नियम २३६५.२.४

यदि कुनै शैक्षिक रेकर्डमा एकभन्दा बढ़ी नानीको जानकारी सामेल छ भने तपाईंसँग आफ्नो नानीमात्रको जानकारीको जाँच र समिक्षा गर्ने अथवा त्यो विशेष जानकारीलाई थाहा पाउने अधिकार छ।

## जानकारीको प्रकार र ठाउँहरूको सूची

नियम २३६५.२.५

तपाईंले आग्रह गरेपछि तपाईंको स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनले तपाईंलाई एजेंसीद्वारा जम्मा, रेखदेख अथवा प्रयोग गरिएका शैक्षिक रेकर्डहरूको प्रकार र ठाउँहरूको सूची अवश्य दिनुपर्दछ।

## शुल्क

नियम २३६५.२.६

यदि शुल्कले रेकर्डको जाँच र समिक्षागर्ने आफ्नो अधिकारको प्रयोग गर्नबाट तपाईंलाई प्रभावी रूपमा वंचित गर्दैन भने संघिय र मुलुकीय विशेष शिक्षा विनियमहरू अन्तरगत तपाईंको स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनले तपाईंको लागि बनाइएको रेकर्डहरूको कपीहरूको लागि शुल्क लिन पाउँदछ।

संघिय र मुलुकीय विशेष शिक्षा विनियमहरूअन्तरगत स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनले जानकारी खोज्न अथवा पाउनको लागि तपाईंसँग शुल्क नलिन पनि सक्दछ।

## आमा–बुवाको आग्रहमा रेकर्डहरूमा संशोधन

नियम २३६५.२.७

यदि तपाईंलाई लाग्दछ कि संघिय र मुलुकीय विशेष शिक्षा विनियमहरू अन्तरगत जम्मा, रेखदेख अथवा प्रयोग गरिएका तपाईंको नानीसम्बन्धी शैक्षिक रेकर्डहरू बेठिक, गलत जानकारी भएको छन् अथवा तिनीहरूले तपाईंको नानीको गोप्यता अथवा अरू अधिकारहरूलाई नाघ्दछन् भने तपाईंले त्यसको रेखदेख गर्ने स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनलाई त्यसमा परिवर्तनको लागि आग्रह गर्न सक्नुहुन्छ।

तपाईंको स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनले तपाईंको आग्रहअनुरूप जानकारीमा परिवर्तन गर्ने हो अथवा नगर्ने हो बारे निर्णय आग्रह पाएपछि पर्याप्त समयावधिभित्र अवश्य लिनुपर्दछ।

यदि तपाईंको स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनले जानकारीमा परिवर्तनको लागि तपाईंको आग्रहलाई अस्विकार गर्दछ भने त्यसले सो अस्वीकृतिबारे तपाईंलाई सूचना अवश्य दिनुपर्दछ र सुनुवाईको अवसर शीर्षक अन्तरगत दिइएको विवरण अनुसार तपाईंसँग यस उद्देश्यको लागि सुनुवाई गराउन पाउने अधिकार रहेको सल्लाह अवश्य दिनुपर्दछ।

## सुनुवाईको अवसर

नियम २३६५.२.८

तपाईंको स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनले, आग्रह गरिएमा, तपाईंलाई आफ्नो नानीको शैक्षिक रेकर्डहरूको सटिकता, सही जानकारी अथवा त्यसबाट तपाईंको नानीको गोप्यता अथवा अरू अधिकारहरू ननाघिएकोबारे सुनिश्चित हुनको लागि ती रेकर्डहरूमा रहेको जानकारीको विरोध गर्नको निम्ति सुनुवाईको अवसर दिनुपर्दछ।

परिवार शैक्षिक अधिकारहरू र गोप्यता ऐन (फेरपा) अन्तरगत शैक्षिक रेकर्डहरूमा रहेको जानकारीको विरुद्ध सुनुवाईको संचालन यस्ता सुनुवाईहरूको लागि बनाइएको प्रकृयाहरू अनुसार हुनपर्दछ।

## सुनुवाईको परिणाम

नियम २३६५.२.९

यदि सुनुवाईको परिणामस्वरूप, तपाईंको स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनले यो निर्णय गर्दछ कि जानकारी बेठिक, गलत छ र त्यसबाट नानीको गोप्यता अथवा अरू अधिकारहरूलाई अन्यथा नाघिएको छ भने, त्यसले त्यसअनुसार जानकारीमा परिवर्तन अवश्य गर्नुपर्दछ र तपाईंलाई लिखित रूपमा सूचना यसको सूचना दिनुपर्दछ।

यदि सुनुवाईको परिणामस्वरूप, तपाईंको स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनले यो निर्णय गर्दछ कि जानकारी बेठिक, गलत छ र त्यसबाट नानीको गोप्यता अथवा अरू अधिकारहरूलाई अन्यथा नाघिएको छ भने, त्यसले तपाईंलाई यो सूचना अवश्य दिनुपर्दछ कि तपाईंको नानीको त्यसद्वारा रेखदेख गरिएको रेकर्डहरूमा तपाईंसँग आफ्नो यस्तो भनाई जोड्न पाउने अधिकार छ जसभित्र जानकारीमाथि तपाईंको टिप्पणी होस् अथवा आफ्नो स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनको निर्णयसँग तपाईंको असहमति हुनुका कारण हुन्।

तपाईंको रेकर्डहरूमा राखिएको यस्तो व्याख्याको आवश्यक रूपमाः

- तपाईंको स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनले तपाईंको नानीको रेकर्डको एउटा अंशको रूपमा त्यसबाट रेकर्ड अथवा विवादित अंशको रेखदेख गरिएसम्म रेखदेख गरिराख्नुपर्दछ; र
- यदि तपाईंको स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनले तपाईंको नानीको रेकर्डहरू अथवा विवादास्पद अंश कुनै पक्षलाई देखाउँदछ भने, त्यसले त्यस पक्षलाई त्यो व्याख्यापनि आवश्यक रूपमा देखाउनुपर्दछ

## निजी रूपमा चिनाउने जानकारीको प्रकाशनको लागि सहमति

नियम २३६५.२.११

कानून लागू गराउने र न्यायालय सम्बन्धी अधिकृतहरूलाई देखाउनको जुन मामिलामा फेरपाद्वारा आमा–बुवाको सहमति आवश्यक गरिएको छैन, त्यसबाहेक सबै देखाउने मामिलाहरूमा, जसमा सहभागी एजेंसीहरूका अधिकृतहरूबाहेकका अरू पक्षहरूलाई निजी रूपमा चिनाउने जानकारी देखाइन्छ, त्यसको सम्बन्धमा तपाईंको सहमति लिन आवश्यक छ। तल दिइएका परिस्थितिहरूबाहेकका परिस्थितिमा, संघिय र मुलुकीय विशेष शैक्षिक विनियमहरूको आवश्यकता पुऱ्याउनको लागि निजी रूपले चिनाउने जानकारी सहभागी एजेंसीहरूको अधिकृतहरू सामु देखाउनभन्दा अघि तपाईंको सहमति लिन आवश्यक छैन।

यस्ता सहभागी एजेंसीहरू, जहाँले परिवर्तनको सेवाहरू प्रदान गर्दछन् अथवा त्यसको लागि पैसा तिर्छन, को अधिकृतहरूसामु निजी रूपमा चिनाउने जानकारी देखाउनभन्दा अघि तपाईं, अथवा परिपक्वताको उमेर सम्बन्धी मुलुकी कानूनमा दिइएको योग्यता पुगेका नानीको सहमति लिनु आवश्यक छ।

यदि तपाईंको नानी यस्तो स्वतंत्र स्कूलमा छ, अथवा जाँदैछ जुन तपाईं बस्ने स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनमा स्थित छैन, भने तपाईंको स्वतंत्र स्कूलको स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनका अधिकृतहरू र तपाईं बस्ने स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनका अधिकृतहरूबिच तपाईंको नानीको जानकारीको प्रदर्शनको लागि तपाईंसँग सहमति अवश्य लिनुपर्दछ।

## सुरक्षा उपायहरू

नियम २३६५.२.१२

तपाईंको स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनले निजी रूपमा चिनाउने जानकारीलाई इकट्ठा गर्ने, जम्मा गर्ने, देखाउने र नाश गर्ने चरणहरूमा त्यसको गोप्यताको सुरक्षा आवश्यक रूपमा गर्नुपर्दछ।

तपाईंको स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनको एउटा अधिकृतले सम्पूर्ण निजी रूपमा चिनाउने जानकारीको गोप्यता सुनिश्चित गर्ने जिम्मेवारी लिनुपर्दछ।

तपाईंको स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनसँग यस्तो नीतिहरू अथवा ईकृयाहरू अवश्य हुनुपर्दछ जसले गर्दा निजी रूपमा चिनाउने जानकारीलाई जम्मा गर्न या प्रयोग गर्नमा संलग्न सबै व्यक्तिहरूले भर्मोन्ट नीतिहरू र प्रकृयाहरूबारे यस कानून अथवा ३४ सिएफआर भाग ९९ अन्तरगत प्रशिक्षण अथवा निर्देश पाउने कुरा सुनिश्चित होस्।

तपाईंको स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनले सार्वजनिक जाँचको लागि यस्तो सूची अवश्य बनाएर राख्नुपर्दछ जसभित्र एजेंसीका ती कर्मचारीहरूको नाम र पदहरू लेखिएका हुन् जो निजी रूपमा चिनाउने जानकारीसम्म पुग्न सक्दछ।

## जानकारीलाई नष्ट पार्नु

नियम २३६५.२.१३

तपाईंको स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनले जम्मा, रेखदेख अथवा प्रयोग गरिएको निजी रूपमा चिनाउने जानकारी तपाईंको नानीलाई शैक्षिक सेवाहरू प्रदान गर्न आवश्यक नहुँदा त्यसको जानकारी तपाईंलाई अवश्य दिनुपर्दछ।

तपाईंको आग्रह भएमा जानकारीलाई नष्ट अवश्य पारिदिनुपर्दछ। तर, तपाईंको नानीको नाम, ठेगाना, फोन नम्बर, त्यसको ग्रेडहरू, उपस्थिति रेकर्ड, उपस्थित भएको कक्षाहरू, पूर्ण गरिएको ग्रेड स्तर, र उत्तीर्ण भएको वर्षसम्बन्धी स्थायी रेकर्डको रेखदेख समयसीमालाई बेवास्ता गरि गर्न सकिन्छ।

# प्रशासनिक गुनासो प्रकृयाहरू

## ड्यू प्रोसेस सुनुवाई गुनासो र गुनासो गर्नको लागि प्रशासनिक प्रकृयाहरूबिच अन्तर

भर्मोन्ट विशेष शिक्षा नियमहरूले गुनासो गर्नको लागि प्रशासनिक प्रकृयाहरू र ड्यू प्रोसेस गुनासो र सुनुवाईहरूको लागि छुट्टा–छुट्टै प्रकृयाहरू तोकेका छन्। तल बुझाइएको अनुसार, कुनै स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियन, भर्मोन्ट शिक्षा विभाग अथवा अरू कुनै सार्वजनिक एजेंसीद्वारा आइडिया र भर्मोन्ट विशेष शिक्षा नियम आवश्यकताहरूलाई नाघिएकोमा जोसुकै व्यक्ति अथवा संगठनले त्यससम्बन्धी प्रशासकिय गुनासो दर्ज गराउन सक्दछ।

तपाईं र तपाईंको स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनलेमात्र अपाङ् नानीको चिनारी, मूल्याङ्कन अथवा शैक्षिक भर्नाको आरम्भ गर्ने अथवा परिवर्तन गर्ने, अथवा नानीलाई सित्तैमा पाइने उपयुक्त सार्वजनिक शिक्षा(फेप) प्रावधानको प्रस्ताव अथवा अस्वीकृतिसम्बन्धी कुनै मामिलाको सम्बन्धमा ड्यू प्रोसेस गुनासो गर्न दर्ज गराउन सक्दछ। जहाँ एकातिर समाधान प्रकृया शीर्षक अन्तरगत यस कागजमा भनिएअनुसार भर्मोन्ट शिक्षा विभागले सामान्य रूपमा मुलुकीय गुनासोलाई आवश्यक रूपमा ६० क्यालेण्डर दिनहरूको समयसिमाना भित्र सुल्टाउनु पर्दछ, अर्कातिर निष्पक्ष ड्यू प्रोसेस सुनुवाई अधिकृतले (यदि समाधान मीटिङ् अथवा मध्यस्थताबाट समाधान निस्केन भने) ड्यू प्रोसेस गुनासोको सुनुवाई गराउनुपर्दछ र ४५ क्यालेण्डरहरूभित्र समाधान अवधि सकिएपछि एउटा निर्णय लिखितमा अवश्य जारी गर्नुपर्दछ, सो समयसिमानाको अपवादमा सुनुवाई अधिकृतद्वारा तपाईं अथवा तपाईंको स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनबाट समयसिमानालाई बढ़ाउनबारे विशेष आग्रह पाएपछि त्यसलाई बढ़ाएको हुनसक्दछ। प्रशासनिक गुनासो र ड्यू प्रोसेस गुनासो, समाधान र सुनवाई प्रकृयाहरूको विवरण थप सम्पूर्ण रूपमा तल दिइएको छ।

# प्रशासनिक गुनासो प्रकृयाहरू

नियम २३६५.१.५

यदि कुनै व्यक्ति अथवा संस्थाको यो आरोप छ कि स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियन अथवा सार्वजनिक एजेंसीले आइडिया र भर्मोन्ट विशेष शिक्षा नियमहरूका आवश्यकताहरू विपरीत काम गरेको छ भने त्यसले शिक्षा कमिश्नरथिम गएर एउटा लिखित र सही गरेको गुनासोलाई दर्ज गराउन सक्दछ र नानीको सेवा गर्दागर्दै तपाईंको स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियन अथवा सार्वजनिक एजेंसीलाई एउटा कपी पठाउन सक्दछ।

गुनासोमा निम्नलिखित कुराहरू अवश्य सामेल हुनुपर्दछ–

- आइडिया र भर्मोन्ट विशेष शिक्षा नियमहरूको आवश्यकतालाई सार्वजनिक एजेंसीले नाघेको छ भन्ने एउटा वक्तव्य;
- यस वक्तव्यका आधार तथ्यहरू;
- गुनासो गर्नेको सही र सम्पर्क जानकारी; र
- यदि कुनै विशेष नानीविरुद्ध सो उल्लङ्घनको आरोप गरिएको छ भने ––
- नानीको नाम र बसाइँको ठेगाना;
- नानीले स्कूलको नाम जसमा उ पढ्दै छ;
- कुनै (म्याकिनी–भेन्टो घरविहीनको सहायतार्थ ऐन (४२ यू.एस.सि. ११४३४ए(२)) को सेक्शन ७२५(२)को अर्थ अन्तरगत पर्ने) घरविहीन नानी अथवा ठिटोको मामिलामा नानीको उपलब्ध सम्पर्क जानकारी र नानीले हाले पढ्दै गरेको स्कूलको नाम;
- नानीको समस्याको प्रकृतिको विवरण, सँगै समस्या सम्बन्धी तथ्यहरू; र
- गुनासो दर्ज गराउने समयमा पक्षलाई यथासम्भव थाहा रहेको र त्यससँग उपलब्ध समस्याको प्रस्तावित समाधान।

नियम २३६५.१.६ अन्तरगत सामेल गरिएका ड्यू प्रोसेस गुनासोंहरूबाहेकको प्रत्येक गुनासोमा आरोपित उल्लङ्घन आवश्यक रूपमा गुनासो पाउनुभन्दा एक वर्षभन्दा पहिलाको हुनुहुँदैन।

गुनासो पाएपछि कमिश्नरले जाँच गराउनको लागि एउटा गुनासो परीक्षकको नियुक्ति गर्नुपर्दछ। गुनासो परीक्षकले गुनासो गर्नेको र तपाईंको स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनको तर्फबाट प्रस्तुत प्रमाणको जाँच गर्नुपर्दछ। गुनासो परीक्षकले आफ्नो निर्णय अनुसार गुनासोको जाँच कागजको समिक्षा, मीटिङ्, सुनुवाई, अन–साईट जाँच अथवा यिनीमध्ये कुनैलाई मिलाएर गराउन सक्दछ। गुनासो परीक्षकले गुनासो गर्नेलाई गुनासोमा भएको आरोपहरूबारे थप जानकारी मौखिक अथवा लिखितमा प्रदान गर्ने अवसर प्रदान गर्न सक्दछ। गुनासो परीक्षकले सार्वजनिक एजेंसीलाई पनि गुनासोको समाधान गर्ने प्रस्तावसँग जवाफ दिन, अथवा तपाईंको सहमतिसाथ, विवाद समाधानको लागि मध्यस्थता अथवा वैकल्पिक साधनहरूमा लगाउने अवसरसँगै जवाफ दिने अवसर प्रदान गर्नसक्दछ।

यदि सुनुवाई तोकिन्छ भने, गुनासो परीक्षकसँग तल लेखिएकोबमोजिम शक्ति र कर्त्तव्यहरू हुनेछन्ः

- सुनुवाईपूर्वका कन्फ्रेंसहरूको संचालन गर्ने;
- कुनै पनि आवश्यक लाग्ने सुनुवाईको संचालन गर्ने;
- सुनुवाई अधिकृतहरूको निमित्त निर्णयको लागि प्रस्ताव गरिएका प्राप्त तथ्यहरू र कानूनको विश्लेषणहरू तयार पार्नु; र
- मुलुकीय शैक्षिक बोर्ड नियम १२३६.१मा तोकिएका अरू शक्ति र कर्त्तव्यहरू।

कमिश्नरले गुनासो पाएको साठी दिनहरूभित्र लिखितमा एउटा निर्णय जारी गर्नुपर्दछ। यो समयसिमाना त्यतिबेलामात्र बढ़ाउन सकिन्छ यदि कुनै विशेष गुनासोको सन्दर्भमा अपवादी परिस्थितिहरू मौजूद छन्।

यदि गुनासोको जाँचले यो तोक्दछ कि उपयुक्त सेवाहरू प्रदान गर्न सकिएको छैन, भने जाँच रिपोर्टमा यो कुरा लेखिएको हुनुपर्दछ कि ती सेवाहरूको अस्वीकृतिको उपाय कसरी गरिन्छे, उपायहरूमा उपयुक्तताअनुसार यिनी सामेल छन्, नानीको आवश्यकताको लागि उपयुक्त खर्चभएको पैसा फिर्ता पाइने अथवा अरू सपारिने कार्यहरू, साथै भविष्यमा सबै अपाङ् नानीहरूको लागि सेवाहरूको उपयुक्त प्रावधान।

यदि यस्तो गुनासो लिखितमा पाइन्छ जुन ड्यू प्रोसेस सुनुवाईको विषयाधीन हुन्छ अथवा त्यसभित्र एकभन्दा बढ़ी यस्ता मुद्दाहरू हुन्छन् जुनमध्ये एक अथवा बढ़ी त्यस सुनुवाईको अंश हुन्छन्, भने जाँचले गुनासोको यस्तो सबै अंशहरूलाई छेउ लगाउँदछ जसलाई सुनुवाईको निष्कर्षमा पुगुन्जेलसम्म ड्यू प्रोसेस सुनुवाईमा उद्धृत गरिन्छ।

तर ड्यू प्रोसेस कार्यको अंश नभएको गुनासोको मुद्दा माथि दिइएको समयसिमाना र प्रकृयाहरूलाई प्रयोग गरि समाधान गर्नुपर्दछ।

यदि गुनासोमा यस्तो कुनै मुद्दा झिकाइएको छ जसको निर्णय तिनै पक्षहरूलाई सामेल गरि कुनै ड्यू प्रोसेस सुनुवाईमा पहिल्यै गरिसकिएको छ भने, त्यो सुनुवाई निर्णय बाध्यकारी हो र गुनासो गर्नेलाई तुरुन्तै प्रभावले जानकारी गराउनुपर्दछ।

आइडियाको भाग सि को प्रावधानको सम्बन्धमा पनि गुनासो दर्ज गराउन पाइन्छ। भाग सि गुनासोको जाँच मानविय सेवाहरूको एजेंसी, स्वास्थ्य विभाग, बाल विकास विभागसँग समन्वयात्मक रूपमा पूर्ण हुनपर्दछ। लिखित गुनासो 103 S. Main Street, Waterbury, Vermont 05671-0204 मा परिवार, नवजात र शिशुको निदेशकलाई पठाउनु पर्दछ।

# ड्यू प्रोसेस गुनासो प्रकृयाहरू

## ड्यू प्रोसेस गुनासो

नियम २३६५.१.६

### सामान्य

तपाईं अथवा तपाईंको स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनले तपाईंको नानीको चिनारी, मूल्याङ्कन अथवा शैक्षिक भर्ना अथवा तपाईंको नानीको लागि सित्तैमा पाइने उपयुक्त सार्वजनिक शिक्षाको प्रावधानलाई आरम्भ अथवा परिवर्तन गर्नको प्रस्ताव अथवा अस्वीकृतिसम्बन्धी जुनसुकै मामिलालाई लिएर ड्यू प्रोसेस गुनासोलाई दर्ज गराउन सक्दछ।

ड्यू प्रोसेस गुनासोभित्र आरोप गरिएको उल्लङ्घन, जो ड्यू प्रोसेस गुनासोको आधार छ, तपाईं अथवा तपाईंको स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनलाई आरोपित कार्यको जानकारी हुनुभन्दा आवश्यक रूपमा दुई वर्षभन्दा पुरानो हुनुहुँदैन। अपवादस्वरूप, यदि तपाईंले आफ्नो इच्छाले आफ्नो नानीलाई कुनै स्वतंत्र स्कूलमा राख्नुभएको छ र पैसा फिर्ता पाउन खोज्नभएको छ भने ड्यू प्रोसेस गुनासोलाई भर्नाको ९० दिनहरू भित्र दर्ज गराउनुपर्दछ।

यदि तपाईंले समयसिमानाभित्र ड्यू प्रोसेस गुनासो दर्ज गराउने सक्नुभएन भने माथि उल्लेखित समयसिमाना तपाईंमाथि निम्नलिखित कारणहरूले लागू हुँदैन किनकिः

- तपाईंको स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनले जानेर यो बेठिक देखाएको थियो कि त्यसले गुनासोमा चिनाइएको मुद्दाहरूको समाधान गरिसकेको छ; अथवा
- तपाईंको स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनले तपाईंसँग यो जानकारी लुकाएको थियो तर यो आइडिया र भर्मोन्ट विशेष शिक्षा नियमहरू अन्तरगत यसलाई तपाईंलाई प्रदान गर्नु आवश्यक थियो।

### आमाःबुवाहरूको लागि जानकारी

तपाईबाट जानकारीको आग्रंह गरिएपछि अथवा यदि तपाईं अथवा तपाईंको स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनले ड्यू प्रोसेस गुनासो दर्ज गराउँछद भने तपाईंको स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनले क्षेत्रमा सित्तैमा अथवा कम्ती मूल्यमा उपलब्ध कानूनी र अरू सम्बन्धित सेवाहरूको जानकारी आवश्यक रूपमा दिनुपर्दछ।

## ड्यू प्रोसेस सुनुवाईको आरम्भ

नियम २३६५.१.६.२ – २३६५.१.६.६

### सामान्य

सुनुवाईको आग्रह गर्नको लागि तपाईं अथवा तपाईंको स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियन (अथवा तपाईंको अटर्नी अथवा तपाईंको स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनको अटर्नी)ले अर्को पक्षलाई ड्यू प्रोसेस गुनासो अवश्य जम्मा गर्नुपर्दछ। त्यस गुनासोमा तल सूचीमा दिएको सम्पूर्ण सामग्री हुनपर्दछ र त्यस सामग्रीलाई आवश्यक रूपमा गोप्य राख्नुपर्दछ।

तपाईं अथवा तपाईंको स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियन, जोसुकैले गुनासो दर्ज गराएको छ, त्यसले कमिश्नरले दिएको फारामको प्रयोग गरि भर्मोन्ट शिक्षा विभागलाई गुनासोको एउटा प्रति अवश्य दिनुपर्दछ।

## गुनासोमा निहित सामग्री

ड्यू प्रोसेस गुनासोमा तल लेखिएका कुराहरू अवश्य हुनुपर्दछः

- नानीको नाम;
- नानीको बसाइँको ठेगाना;
- नानीको स्कूलको नाम;
- यदि नानी घरविहीन नानी अथवा ठिटा छन् भने, नानीको सम्पर्क जानकारी र नानीको स्कूलको नाम;
- प्रस्ताव गरिएको अथवा अस्वीकृत कार्यदेखि सम्बन्धित नानीको समस्यसको प्रकृतिको विवरण; समस्याको तथ्यहरूसँगै; र
- तपाईंलाई अथवा तपाईंको स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनलाई त्यसबखत थाहाभएसम्म र उपलब्धताअनुसार समस्याको प्रस्तावित समाधान।

## ड्यू प्रोसेस गुनासोमाथि सुनुवाई हुनुभन्दा अघि आवश्यक सूचना

तपाईंलाई अथवा तपाईंको स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियन (अथवा तपाईंको अटर्नी अथवा तपाईंको स्कूल जिल्ला वा सुपरभाइजरी यूनियनको अटर्नी)ले ड्यू प्रोसेस सुनुवाई गराउन नपाउन सक्छन् जबसम्म तपाईं अथवा तपाईंको स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनले तल सूचीमा दिइएका जानकारी भएको ड्यू प्रोसेस गुनासोलाई दर्ज गराउँदैनन्।

## गुनासोको पर्याप्तता

ड्यू प्रोसेस गुनासो अगाड़ि जानको लागि त्यसलाई पर्याप्त ठानिनु आवश्यक छ। ड्यू प्रोसेस गुनासोलाई तबसम्म पर्याप्त (माथि दिइएका सामग्री आवश्यकताहरू पूर्ण भएको) ठानिनेछ जबसम्म ड्यू प्रोसेस गुनासो पाउने पक्ष (तपाईं अथवा तपाईंको स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियन) ले गुनासो पाएको १५ दिनभित्र अधिकृत र अरू पक्षलाई यो लिखितमा सूचना दिंदैन कि पाउने पक्षले यो ठान्दछ कि ड्यू प्रोसेस गुनासोले माथि दिइएका आवश्यकताहरूलाई पूर्ण गर्दैन।

पाउने पक्ष (तपाईं अथवा तपाईंको स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियल)ले ड्यू प्रोसेस गुनासोलाई अपर्याप्त ठान्दछ भन्ने सूचना पाएको पाँच क्यालेण्डर दिनभित्र सुनुवाई अधिकृतले यो निर्णय अवश्य गर्नुपर्दछ कि ड्यू प्रोसेस गुनासोले माथि दिइएका आवश्यकताहरूलाई पूर्ण गर्दछ अथवा गर्दैन र त्यसले तपाईं अथवा तपाईंको स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनलाई लिखितमा तुरुन्तै यसको सूचना दिनुपर्दछ।

## गुनासोमा परिवर्तन

तपाईं अथवा तपाईंको स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनले गुनासोमा परिवर्तनहरू गर्न सक्दछ यदिमात्रः

- अर्को पक्षले लिखितमा परिवर्तनहरूलाई स्विकार गर्दछ र त्यसलाई ड्यू प्रोसेस गुनासोलाई, एउटा समाधान मीटिङ्बाट सुल्टाउने अवसर दिइन्छ, जसबारे तल सविस्तार भनिएको छ, अथवा
- ड्यू प्रोसेस सुनुवाई आरम्भ हुनुको पाँचदिन पहिल्यैसम्ममा, सुनुवाई अधिकृतले परिवर्तनहरूको लागि अनुमति दिन्छ।

यदि गुनासो गर्ने पक्ष (तपाईं अथवा तपाईंको स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियन)ले ड्यू प्रोसेस गुनासोमा परिवर्तनहरू गर्दछ भने, समाधान मीटिङ् (को गुनासो पाउनाको १५ दिन क्यालेण्डर दिनभित्र)को मियादहरू र समाधानको समय अवधि (गुनासो पाउनाको ३० क्यालेण्डर दिनभित्र) परिवर्तन गरिएको गुनासो दर्ज हुनुको मिति देखि फेरि आरम्भ हुन्छ।

### ड्यू प्रोसेस गुनासोबारे स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनको जवाफ

यदि तपाईंको स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनले, पूर्व लिखित सूचना शीर्षकमा दिएअनुसार ड्यू प्रोसेस गुनासोमा सामेल विषयवस्तुको सम्बन्धमा कुनै पूर्व लिखित सूचना पठाएको छैन भने तपाईंको स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनले आवश्यक रूपमा, ड्यू प्रोसेस गुनासो पाएको १० क्यालेण्डर दिनभित्र एउटा जवाफ पठाउनुपर्दछ जसभित्र सामेल हुनुपर्दछः,

1. तपाईंको स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनले ड्यू प्रस्ताव गुनासोमा उचालिएको मुद्दालाई किन प्रस्तावित अथवा अस्वीकार गऱ्यो, यसको व्याख्या;
2. तपाईंको नानीको निजीकृत शिक्षा कार्यक्रम (आई.ई.पि.) टिमले जुन अरू विकल्पहरूमाथि विचार गऱ्यो, तिनीहरूको विवरण र ती विकल्पहरूलाई अस्वीकार गर्नुका कारणहरू;
3. प्रस्तावित अथवा अस्वीकार गरिएको कार्यको आधारको रूपमा तपाईंको स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनले प्रयोग गरेको प्रत्येक मूल्याङ्कन प्रकृया, जाँच, रेकर्ड अथवा रिपोर्टको विवरण; र
4. तपाईंको स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनबाट प्रस्तावित अथवा अस्वीकृत कार्यसँग सम्बन्धितइ अरू तत्वहरू।

माथि १–४ बिंदुहरूमा लेखिएको सूचना दिनाले तपाईंको स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनलाई यो सुनिश्चित गर्न रोक्दैन कि तपाईंको ड्यू प्रोसेस गुनासो पर्याप्त थिएन।

### ड्यू प्रोसेस गुनासोलाई अर्को पक्षको जवाफ

माथिको उपशीर्षक अन्तरगत बाहेक, ड्यू प्रोसेस गुनासोलाई स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनको, ड्यू

प्रोसेस गुनासोको जवाफ पाउने पक्षले आवश्यक रूपमा गुनासो पाएको १० दिनहरू भित्र, गुनासोमा उचालिएका मुद्दाहरूलाई विशेष रूपले सम्बोधन गर्दै अर्को पक्ष जवाफ पठाउनुपर्दछ।

## मध्यस्थता

नियम २३६५.१.४

### सामान्य

ड्यू प्रोसेस गुनासोलाई दर्ज गराउनुभन्दा पहिला उठ्ने मुद्दाहरू सहितको विशेष शिक्षा सम्बन्धी विवाद भएका अपाङ् विद्यार्थीका आमा–बुवाहरू, स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियन र थप सार्वजनिक एजेंसीहरूका लागि कमिश्नरबाट संचालित मध्यस्थता प्रकृया उपलब्ध छ।

### आवश्यकताहरू

प्रकृयाहरूबाट यो कुरा सुनिश्चित हुनुपर्दछ कि मध्यस्थता प्रकृयाः

- तपाईं र तपाईंको स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनको तर्फबाट स्वैच्छिक हुन्छ;
- लाई तपाईंको ड्यू प्रोसेस सुनुवाईको अधिकारलाई अस्वीकार गर्न अथवा त्यसलाई ढिलो पार्नको लागि अथवा तपाईंलाई आइडिया र भर्मोन्ट विशेष शिक्षा नियमहरू अन्तरगत प्राप्त अरू अधिकारहरूलाई अस्वीकार गर्नको लागि प्रयोग गरिंदैन; र
- प्रभावी मध्यस्थता तकनीकहरूमा प्रशिक्षित योग्यता प्राप्त र निष्पक्ष मध्यस्थले चलाउनेछ।

शिक्षा विभागसँग योग्यताप्राप्त र निष्पक्ष मध्यस्थहरूको एउटा सूची छ र उनीहरूले विशेष शिक्षा र सम्बन्धित सेवाहरूको प्रावधानसँग सम्बन्धित कानून र विनियमहरू जानेका छन्।

मीटिङ्हरूमा पर्ने लागत सहितको मध्यस्थता प्रकृयामा पर्ने लागतको लागि शिक्षा विभाग जिम्मेवार हुन्छ।

मध्यस्थता प्रकृयाको प्रत्येक मीटिङ् ठिक समयमा तोकिनुपर्दछ र त्यसलाई तपाईं र तपाईंको स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनलाई सुविधाजनक हुने ठाउँमा गराउनुपर्दछ।

यदि तपाईं र तपाईंको स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनले मध्यस्थता प्रकृयाबाट कुनै विवाद सुल्टाउँदछन् भने, दुबै पक्षहरूले कानूनी रूपमा यस्तो बाध्यकारी सम्झौता गर्नुपर्दछ जसले समाधान तोकोस् र त्यसमाः

- यो कुरा भनिएको हुनुपर्दछ कि मध्यस्थता प्रकृयाको समयमा भएका सम्पूर्ण बहसहरू गोप्य रहनेछन् र भविष्यको कुनै ड्यू प्रोसेस सुनुवाई अथवा जनसुनुवाईमा त्यसलाई प्रमाणको रूपमा प्रयोग गर्न पाइनेछैन; र
- तपाईंको र स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनको यस्तो प्रतिनिधिको सही हुनुपर्दछ जससँग स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनलाई बाँध्ने अधिकार छ।

जस्तोसुकै न्याय गर्नमा सक्षम मुलुकीय न्यायालय (यस प्रकारका मुद्दाहरूलाई मुलुकीय कानून अन्तरगत सुन्न पाउने अधिकार भएको न्यायालय) अथवा संयुक्त राज्य अमेरिकाको जिल्ला अदालतमा यस्तो लिखित र सही गरिएको मध्यस्थता सम्झौता बाध्यकारी हुन्छ।

मध्यस्थता प्रकृयामा भएको वादविवाद गोप्य अवश्य रहनुपर्दछ। उनीहरूलाई प्रोसेस सुनुवाई अथवा आइडिया अथवा भर्मोन्ट विशेष शिक्षा नियमहरू अन्तरगत मद्दत पाइराखेका भविष्यका कुनै संघिय न्यायालय अथवा मुलुकको मुलुकीय न्यायालयको जनसुनुवाईमा प्रमाणको रूपमा प्रयोग गर्न सकिंदैन।

मध्यस्यथताको लागि लिखितमा आग्रहरू Vermont Department of Education, Special Education Mediation Service (VDE-SEMS), 120 State Street, Montpelier, Vermont 05620-2501 मा सबमिट गर्नुपर्दछ।

यो आग्रह पाएपछि विभागले तपाईंलाई विशेष शिक्षा सूचना अन्तरगत आमा–बुवाहरूका अधिकारहरू सम्बन्धी सूचना पठाउनेछ र मध्यस्थतासँग सम्बन्धित सबै पक्षहरूलाई आफ्नो मध्यस्थता प्रकृयाहरू पठाउनेछ।

मध्यस्थताको अनुबन्ध कमिश्नरबाट स्वीकृत भएको फाराममा लिखितमा हुनुपर्दछ र त्यसभित्र सबै पक्षहरूको सही हुनुपर्दछ। यदि लेख्नमा असमर्थ हुने जस्ता कुनै विशेष परिस्थितिमा जसमा आग्रहलाई लेख्न सकिंदैन, आग्रहलाई संचारको अरू कुनै माध्यमबाट गर्न सकिन्छ।

**मध्यस्थको निष्पक्षता**

मध्यस्थः

- भर्मोन्ट शिक्षा विभाग अथवा तपाईंको नानीको शिक्षा अथवा रेखदेखमा सामेल तपाईंको स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनको कर्मचारी हुनसक्दैन; र
- कुनै निजी अथवा पेशासम्बन्धी यस्तो हित बोकेको हुनुहुँदैन जो मध्यस्थताको उद्देश्यसँग मेल नखाओस्।

अन्यथा मध्यस्थको योग्यतापाउने व्यक्ति स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियन अथवा भर्मोन्ट शिक्षा विभागको कर्मचारी एउटामात्र कारणले हुँदैन किरकि त्यसलाई भर्मोन्ट शिक्षा विभाग अथवा स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनले मध्यस्थमको रूपमा सेवा गर्नको लागि तलब दिन्छ।

## ड्यू प्रोसेस गुनासो र सुनुवाई पूर्ण नहुँदासम्म नानीको भर्ना

नियम २३६५.१.११

तल प्रकृयाहरू शीर्षक अन्तरगत बाहेकमा ड्यू प्रोसेस गुनासोलाई अर्को पक्षलाई पठाएपछि, समाधान प्रकृयाको समयावधिमा, र कुनै आंशिक सुनुवाई अथवा न्यायालय सुनुवाईको निर्णयलाई पर्खंदा, अपाङ् नानीहरूको हेरचाह गर्दा, तपाईं र तपाईंको स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियन सहमत नभएसम्म, तपाईंको नानीको भर्ना आफ्नो वर्तमान शैक्षिक स्कूलमानै आवश्यक रूपमा रह्नुपर्दछ।

ड्यू प्रोसेस गुनासोमा यदि पब्लिक स्कूलमा आरम्भिक भर्नाको आग्रह सामेल छ भने, तपाईंको सहमति लिएर तपाईंको नानीलाई यस्ता सबै सुनुवाईहरूं नसकिएसम्म आवश्यक रूपमा एउटा नियमित पब्लिक स्कूल कार्यक्रममा भर्ना गराउनुपर्दछ।

यदि ड्यू प्रोसेस सुनुवाईमा कुनै सुनुवाई अधिकृतको निर्णय नानीको बुवा–आमासँग यस सन्दर्भमा मेल खान्छ कि स्कूलको भर्नामा परिवर्तन उपयुक्त छ भने त्यस भर्नालाई तपाईं र तपाईंको स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनबिच एउटा सहमतिको रूपमा मान्नुपर्दछ।

यदि आइडिया देखि आइडियासम्म र भर्मोन्ट विशेष शिक्षा नियमहरूको भाग सि अन्तरगत ड्यू प्रोसेस गुनासोमा आइडिया र भर्मोन्ट विशेष शिक्षा नियमहरू अन्तरगत यस्तो नानीको आरम्भिक सेवाहरूको लागि प्रार्थना सामेल छ भने जसको सेवामा परिवर्तन गरिएको छ र जोसँग अहिले तिनवर्षको उमेर पुगेको हुनाले भाग सि सेवाहरूको योग्यता छैन, तपाईंको स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनको लागि यो आवश्यक छैन कि त्यस नानीले पाइराखेको भाग सि सेवाहरूलाई त्यसले देओस्।

यदि नानीलाई आइडिया र भर्मोन्ट विशेष शिक्षा नियमहरू अन्तरगत योग्य पाइन्छ र तपाईंले त्यसलाई विशेष शिक्षा र सम्बन्धित सेवाहरू पाउनको लागि पहिलोपटक सहमति दिनुभएको छ भने, सुनुवाईहरूको परिणाम नआएसम्म तपाईंको स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनले आवश्यक रूपमा ती विशेष शिक्षा र सम्बन्धित सेवाहरू अवश्य दिनुपर्दछ जसमाथि विवाद छैन (जसबारे तपाईं र तपाईंको स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनबिच सहमति छ)।

## समाधान सत्र

नियम २३६५.१.८

### समाधान मीटिङ्

तपाईंको ड्यू प्रोसेस गुनासोको सूचना पाएको 15 क्यालेण्डर दिनभित्र, र ड्यू प्रोसेस सुनुवाई आरम्भ हुनुभन्दा अघि, तपाईंको स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनले तपाईं र यस सन्दर्भका अरू निजीकृत शिक्षा कार्यक्रम (आई.ई.पी.) टिमको यस्तो सदस्य अथवा सदस्यहरूबिच आवश्यक रूपमा एउटा मीटिङ् बोलाउनुपर्दछ जोसँग तपाईंको ड्यू प्रोसेस सुनुवाईमा चिनिएको तथ्यहरूको विशेष ज्ञान होस्। यस मीटिङ्माः

- तपाईको स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनको एउटा यस्तो प्रतिनिधि सामेल हुनुपर्दछ जससँग तपाईंको स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनको तर्फबाट निर्णय लिने अधिकार होस्; र
- तपाईंसँग अटर्नी नभएसम्म तपाईंको स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनको कुनै अटर्नी सामेल हुनसक्दैन।

तपाईं र तपाईंको स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनले मीटिङ्मा उपस्थित हुने आई.ई.पी. टिमका सम्बन्धित सदस्यहरूलाई तोक्छन्।

तपाईंको लागि मीटिङ्को उद्देश्य हो आफ्नो ड्यू प्रोसेस गुनासो, गुनासोको आधार हुने तथ्यहरू बारे बहस गर्नु जसले गर्दा तपाईंको स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनले विवाद सुल्टाउने अवसर पाओस्।

समाधान मीटिङ् आवश्यक छैन यदिः

- तपाईं र तपाईंको स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियन लिखितमा मीटिङ् रद्द गर्नको लागि सहमत हुन्छन्; अथवा
- तपाईं र तपाईंको स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियन मध्यस्थता शीर्षकमा दिइएको विवरण अनुसार मध्यस्थताको प्रयोग गर्नको लागि सहमत हुन्छन्।

**समाधान अवधि**

यदि तपाईंको स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनले ड्यू प्रोसेस गुनासो पाएको ३० क्यालेण्डर दिनहरूको अवधिभित्र (समाधान प्रकृयाको समयावधि बिचमा) ड्यू प्रोसेस गुनासोको समाधान गर्दैन भने, ड्यू प्रोसेस सुनुवाई हुनसक्छ।

अन्तिम निर्णय जारी गर्ने ४५ क्यालेण्डर दिनको मियाद ३० क्यालेण्डर दिनको समाधान अवधि सकिएपछि आरम्भ हुन्छ, यसमा अपवादको रूपमा तल लेखिएको ३० क्यालेण्डर दिनको समाधान अवधिमा गरिएको समायोजनहरू हुन्छन्।

तपाईं र तपाईंको स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनले समाधान प्रकृया अथवा मध्यस्थताको प्रयोग लाई फुकाउनको लागि तपाईं र तपाईंको जिल्ला समाधान र सुपरभाइजरी यूनियन जता जता सहमत हुनुहुन्छ त्यसबाहेक अरू ठाउँहरूमा तपाईंको समाधान मीटिङ्मा सामेल नहुनाले समाधान प्रकृया र ड्यू प्रोसेस सुनुवाईको मियाद तबसम्मको लागि ढिला हुनेछ जबसम्म तपाईं मीटिङ्मा सामेल हुनको लागि सहमत हुनुहुन्न।

यदि पर्याप्त प्रयासहरू गरेर र ती प्रयासहरूलाई कागजमा लेखेरपनि तपाईंको स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनले मीटिङ्मा तपाईंको सहभागिता पाउन सकेन भने, त्यसले ३० क्यालेण्डर दिनको समाधान अवधिको अन्त्यमा सुनुवाई अधिकृतसँग ड्यू प्रोसेस गुनासोलाई रद्द गर्ने आग्रह गर्न पाउँदछ।

यस्ता प्रयासहरूलाई कागजमा लेख्दा त्यसमा मिलोमतोमा एउटा समय र ठाउँको लागि सहमतिको व्यवस्था गर्न तपाईंको स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनका प्रयासहरूको रेकर्ड पनि अवश्य सामेल गर्नुपर्दछ, जस्तैः

- गरिएका टेलिफोन कलहरू अथवा कलको प्रयासहरू र ती कलहरूको परिणामहरूको विस्तृत रेकर्डहरू;
- तपाईंलाई पठाइएको चिठीहरूको कपीहरू र सबै पाइएका जवाफहरू; र
- तपाईंको घर अथवा कार्यालयमा गरिएका भेंटहरूका विस्तृत रेकर्डहरू र ती भेंटहरूका परिणामहरू।

यदि तपाईंको स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियन तपाईंको ड्यू प्रोसेस गुनासोको सूचना पाएको १५ क्यालेण्डर दिनभित्र समाधान मीटिङ्को आयोजना गर्नमा विफल हुन्छ अथवा समाधान मीटिङ्मा भाग लिन विफल हुन्छ भने, तपाईंले सुनुवाई अधिकृतसँग ड्यू प्रोसेस सुनुवाईको लागि ४५ क्यालेण्डर दिनको मियाद आरम्भ गर्ने आदेश दिनको लागि आग्रह गर्न सक्नुहुन्छ।

### ३० क्यालेण्डर दिन समाधान अवधिमा समायोजनहरू

यदि तपाईं र तपाईंको स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियन समाधान मीटिङ् फुकाउन लिखितमा सहमत हुन्छन् भने ड्यू प्रोसेस सुनुवाईको ४५ क्यालेण्डर दिनको मियाद अर्को दिनदेखि आरम्भ हुन्छ।

मध्यस्थता आरम्भ अथवा समाधान मीटिङ् भएको र ३० क्यालेण्डर दिनको मियाद खत्तम हुनुभन्दा अघि, यदि तपाईं र तपाईंको स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियन यस कुरामा लिखितमा सहमत हुनुहुन्छ कि कुनै सम्झौता सम्भव छैन, ड्यू प्रोसेस सुनुवाईको ४५ क्यालेण्डर दिनको मियाद अर्को दिनदेखि आरम्भ हुन्छ।

यदि तपाईं र तपाईंको स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियन मध्यस्थता प्रकृयाको प्रयोग गर्नमा सहमत हुनुहुन्छ भने, ३० क्यालेण्डर दिनको समाधान अवधिको अन्त्यमा, दुबै पक्षहरू एउटा सम्झौतामा नपुगेसम्म मध्यस्थतालाई जारी राख्नको लागि लिखितमा सहमत हुनसक्छन्।

तर, यदि तपाईं अथवा तपाईंको स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनमध्ये कोही मध्यस्थता प्रकृयाबाट बाहिरिन्छ भने ड्यू प्रोसेस सुनुवाईको प्रोसेस सुनुवाईको ४५ क्यालेण्डर दिनको मियाद अर्को दिनदेखि आरम्भ हुन्छ।

### लिखितमा उपायको सम्झौता

यदि समाधान मीटिङ्मा विवादको कुनै समाधान हुन्छ भने, तपाईं, तपाईंको स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनले यस्तो कानूनी रूपमा बाध्यकारी सम्झौता गर्नुपर्दछः

- जसमा तपाईं र तपाईंको स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनको यस्तो प्रतिनिधिले सही गर्नुपर्दछ जससँग तपाईंको स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनलाई बाँध्ने अधिकार हुन्छ; र
- जो सक्षम न्यायालयको कुनै पनि मुलुकीय न्यायालय(यस्तो मुलुकीय न्यायालय जससँग यस प्रकारका मुद्दाहरूको सुनुवाई गराउने अधिकार हुन्छ) अथवा संयुक्त राज्य अमेरिकाको जिल्ला न्यायालयमा लागू हुनसक्ने हुन्छ।

### सम्झौता समिक्षा अवधि

यदि तपाईं र तपाईंको स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियन समाधान मीटिङ्को परिणामस्वरूप एउटा समाधानसम्म पुग्दछन् भने, जुनसुकै पक्ष (तपाईं, तपाईंको स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियन) ले सम्झौतालाई तपाईं र तपाईंको स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनले सम्झौतामा सही गरेको ३ कार्यदिवसहरूभित्र अमान्य गर्नसक्दछ।

## ड्यू प्रोसेस गुनासोमाथि सुनुवाईहरू

### निष्पक्ष ड्यू प्रोसेस सुनुवाइ

### ३४ सि एफ आर §३००.५११

जहिलेपनि ड्यू प्रोसेस सुनुवाई दर्ज गराइन्छ, ड्यू प्रोसेस गुनासो र समाधान प्रकृया सेक्शनहरूमा भनिएबमोजिम तपाईं अथवा विवादमा लागेको तपाईंको स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनले निष्पक्ष ड्यू प्रोसेस सुनुवाईको एउटा मौका अवश्य पाउनुपर्दछ। ड्यू प्रोसेस सुनुवाईहरूलाई चलाउने जिम्मेवारी भर्मोन्ट शिक्षा विभागलाई हुन्छ।

### निष्पक्ष सुनुवाई अधिकृत

कम्तीमा पनि, सुनुवाई अधिकृतः

- भर्मोन्ट शिक्षा विभाग अथवा तपाईंको स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियन अथवा नानीहरूको शिक्षा अथवा रेखदेखमा लागेको कुनै एजेंसीको कर्मचारी पटक्कै हुनुहुँदैन। तर यस्तो मानिसलाई केवल यस कुराले गर्दामात्र एजेंसीको कर्मचारी भन्नु हुँदैन कि त्यसले सुनुवाई अधिकृतको रूपमा सेवा गरेर एजेंसीबाट पैसा पाएको छ।

- को यस्तो कुनै निजी अथवा पेशासम्बन्धी हित हुनुहुँदैन जो सुनुवाई अधिकृतको सुनुवाईको उद्देश्यसँग जुधोस्;
- एउटा लायसेंसभएको अटर्नी हुनुपर्दछ;
- ज्ञानी हुनुपर्दछ र त्यसले आइडियाका प्रावधानहरू, र आइडियादेखि सम्बन्धित संघिय र मुलुकीय विनियमहरू, र संघिय र मुलुकीय न्यायालयहरूबाट आइडियाको कानूनी अर्थहरू बुझेको हुनुपर्दछ; र
- सुनुवाई चलाउने, र निर्णयहरू बनाउने र लेख्ने, र साथसाथै उपयुक्त, स्ट्याण्डर्ड कानूनी व्यवहारको ज्ञान र क्षमता अवश्य हुनुपर्दछ।

भर्मोन्ट शिक्षा विभागले यस्ता व्यक्तिहरूको एउटा सूची राख्नेछ जुनले सुनुवाई अधिकृतहरूको रूपमा सेवा गर्दछन् र त्यसमा प्रत्येक सुनुवाई अधिकृतको योग्यताहरूको वक्तव्यपनि सामेल हुन्छ।

ड्यू प्रोसेस सुनुवाईको विषयवस्तु

ड्यू प्रोसेस सुनुवाईको आग्रह गर्ने पक्ष (तपाईं अथवा तपाईंको स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियन) ले ड्यू प्रोसेस सुनुवाईमा, अर्को पक्षले सहमति नदिएसम्म, ती मुद्दाहरू उचाल्न पाउँदैनन् जुनलाई ड्यू प्रोसेस गुनासोमा सम्बोधन गरिएको थिएन।

### सुनुवाईको आग्रह गर्नको लागि मियाद

तपाईं अथवा तपाईंको स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनले गुनासोमा सम्बोधन गरिएको मुद्दाबारे ज्ञान भएको अथवा ज्ञान हुनुपर्ने समयको दुई वर्षभित्र ड्यू प्रोसेस गुनासोमाथि एउटा निष्पक्ष सुनुवाईको आग्रह अवश्य गर्नुपर्दछ।

### मियादका अपवादहरू

ड्यू प्रोसेस गुनासोलाई माथिको मियादभित्र दर्ज गराउन नसकेमा त्यो मियाद तपाईंमाथि तल लेखिएको कारणहरूले गर्दा लागू हुँदैनः

- तपाईंको स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनले विशेष गरि यो बेठिक भनेको थियो कि त्यसले तपाईंले गुनासोमा उचाल्नुभएको समस्या अथवा मुद्दालाई सुल्टाइसकेको छ; अथवा
- तपाईंको स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनले तपाईंसँग यस्तों जानकारी लुकाएको थियो जुन त्यसले आइडिया र भर्मोन्ट विशेष शिक्षा नियमहरू अन्तरगत तपाईंलाई आवश्यक रूपमा प्रदान गर्नुपर्ने थियो।

## सुनुवाई प्रकृयाहरू

नियम २३६५.१.६.१५

### सामान्य

ड्यू प्रोसेस सुनुवाईमा (अनुशासन प्रकृया सम्बन्धी सुनुवाई सहितमा) प्रत्येक पक्षसँग अधिकार छ किः

- त्यससँग वकिल र/अथवा अपाङ् नानीहरूको समस्याहरूको सम्बन्धमा विशेष ज्ञान अथवा प्रशिक्षण भएको व्यक्ति होस् र त्यसबाट त्यस पक्षले सल्लाह पाओस्;
- प्रमाण पेश गरोस् र सामना गरोस्, प्रतिप्रश्न गरोस् र गवाहहरूको उपस्थिति चाहोस्;
- यस्तो कुनै पनि प्रमाणलाई पेश गर्नबाट निषेध गरोस् जसबारे त्यसपक्षको अगाड़ि सुनुवाईको कम्तीमा पनि पाँच कार्यदिवस पहिलासम्म भनिएको नहोस्;

- लिखित, अथवा तपाईंको इच्छा भयो भने, सुनुवाईको प्रत्येक शब्दको रेकर्ड इलेक्ट्रोनिक रूपमा पाओस्; र
- तथ्य र निर्णयहरूको खोजहरूलाई लिखितमा अथवा तपाईंको इच्छा भयो भने इलेक्ट्रोनिक रूपमा पाओस्।

### जानकारीको थप प्रदर्शन गर्नु

तपाईं र तपाईंको स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनले कम्तीमा पनि ड्यू प्रोसेस सुनुवाईको पाँच कार्यदिवस अघि तपाईं अथवा तपाईंको स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनले सुनुवाईमा प्रयोग गर्न चाहेका त्यस मितिसम्म सम्पन्न भएका सम्पूर्ण मूल्याङ्कनहरू र ती मूल्याङ्कनहरूको आधारमा भएका सिफारिसहरूलाई एकअर्कालाई खुलस्त अवश्य पार्नुपर्दछ।

यस आवश्यकताको अनुपालन गर्नमा विफल व्यक्तिलाई सुनुवाई अधिकृतलें सम्बन्धित मूल्याङ्कन अथवा सिफारिसलाई अर्को पक्षको सहमतिबेगर सुनुवाईमा प्रस्तुत गर्न छेक्न सक्दछ।

### सुनुवाईमा आमाःबुवाका अधिकारहरू

तपाईंलाई यी अधिकारहरू अवश्य दिइनुपर्दछः

- तपाईंको नानी उपस्थित हुनु;
- जनताको लागि सुनुवाईलाई खुल्ला गर्नु; र
- सुनुवाई, पाएका तथ्य र निर्णयहरूको रेकर्ड तपाईंलाई शून्य लागतमा दिइनु।

## सुनुवाई अधिकृतको निर्णय

नियम २३६५.१.१६(सि)

तपाईंको नानीले सित्तैमा पाउनुपर्ने उपयुक्त सार्वजनिक शिक्षा (फेंप) पायो अथवा पाएन सम्बन्धी सुनुवाई अधिकृतको निर्णय आवश्यक रूपमा सत्ययुक्त आधारहरूमाथि आधारित हुनुपर्दछ।

प्रकृयासम्बन्धी उल्लङ्घनको आरोप भएको मामिलाहरूमा, सुनुवाई अधिकृतले यो खोजी गर्न सक्दछ कि तपाईंको नानीले सित्तैमा पाउनुपर्ने उपयुक्त सार्वजनिक शिक्षा यसैकारणले मात्र पाउन सक्दैन कि यदि प्रकृयासम्बन्धी अनुपयुक्तताहरूः

- ले तपाईंको नानीको सित्तैमा पाइने उपयुक्त सार्वजनिक शिक्षा (फेप)को अधिकारमाथि हस्तक्षेप गरेको थियो;
- ले तपाईंको नानीको सित्तैमा पाइने उपयुक्त सार्वजनिक शिक्षा (फेप)को प्रावधानको सम्बन्धमा तपाईंको निर्णय गर्ने सम्बन्धी प्रकृयामा भाग लिने अवसरमाथि महत्वपूर्ण रूपले हस्तक्षेप गरेको थियो; अथवा
- को कारणले गर्दा कुनै शैक्षिक लाभ पाइएन।

सुनुवाई अधिकृतलाई २३६५.१.१ देखि २३६५.१.१३ सम्म अन्तरगत स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनलाई प्रकृयासम्बन्धी आवश्यकताहरूको पालन गर्ने आदेशदिनबाट कुनै कुराले रोक्दैन।

### साधारण जनताको सामु खोजहरू र निर्णय

निजीरूपमा चिनाउने जानकारीलाई मेटेपछि भर्मोन्ट शिक्षा विभागले आवश्यक रूपमाः

- ड्यू प्रोसेस सुनुवाईको खोजीहरू र निर्णयहरू प्रदान गर्नुपर्दछ; र
- ती खोजीहरू र निर्णयहरू जनताको लागि उपलब्ध गराउनुपर्दछ।

## अपिलहरू

नियम २३६५.१.८

### सुनुवाईको निर्णय अन्तिम हुनु

ड्यू प्रोसेस सुनुवाईमा गरिएको निर्णय अन्तिम हुन्छ, तर सुनुवाईमा सामेल जुनसुकै पक्षले (तपाईं अथवा तपाईंको स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनले) तल लेखे अनुसार कानूनी कार्रवाई गरेर निर्णयविरुद्ध अपिल गर्न सक्दछ।

### सुनुवाईहरू र समिक्षाहरूका मियादहरू र सहजता

नियम २३६५.१.१६ (ए) र (बि)

भर्मोन्ट शिक्षा विभागले यो अवश्य सुनिश्चित गर्नुपर्दछ कि समाधान मीटिङ्हरूमको ३० क्यालेण्डर दिनको अवधि सकिएपछि ४५ क्यालेण्डर दिनहरू ननाघिकन अथवा, ३० क्यालेण्डर दिनको समाधान अवधिमा समायोजनहरू उपशीर्षक अन्तरगत समायोजन गरिएको समय अवधि सकिएपछि ४५ क्यालेण्डरदिन नाघिकनः

- सुनुवाईमा अन्तिम निर्णयसम्म पुग्नुपर्दछ; र
- प्रत्येक पक्षलाई निर्णयको एउटा कपी हुलाकमार्फत पठाइएको छ।
- कुनै पक्षबाट ४५ क्यालेण्डर दिनको समय अवधिमा सुनुवाई अधिकृतले माथि भने अनुसार विशेष वृद्धिकमो अनुमति दिनसक्दछ, यदिः
    - त्यस ढिलोपनाले गर्दा नानीको शैक्षिक विकासलाई अथवा त्यसको कल्याणमाथि खतरा नहोस्;
    - पक्षले सुनुवाई ड्यू प्रोसेसको आवश्यकताहरू अनुसार सुनुवाईमा आफ्नो पक्षलाई तयार र पेश गर्नको लागि पर्याप्त समय पाएको थिएन; र
    - कुनै पक्षको लागि ढिलाइ गर्नुको आवश्यकता ढिलो गरेपछि हुने आर्थिक अथवा अरू हानिगर्ने परिणामहरूभन्दा ठूलो थियो।

प्रत्येक सुनुवाई तपाईं र तपाईंको नानीको लागि पर्याप्त रूपले सहज पर्ने समय र ठाउँमा गरिनुपर्दछ।

## कानूनी कार्रवाईहरू

नियम २३६५.१.९

### सामान्य

यदि कुनै पक्ष (तपाईं अथवा तपाईंको स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियन) ड्यू प्रोसेस सुनुवाई (अनुशासन सम्बन्धी प्रकृयाहरूसम्बन्धित सुनुवाईलाई सामेल गरि) को खोजी र निर्णयसँग सहमत छैन भने त्यससँग ड्यू प्रोसेस सुनुवाईको विषय रहेको मुद्दालाई लिएर कानूनी कार्रवाई गर्ने अधिकार छ।

कार्रवाई जतिसुकै विवाद भएपनि सक्षम न्यायालयको मुलुकीय न्यायालय (यस प्रकारको मुद्दाको सुनुवाई गर्ने अधिकार भएको मुलुकीय न्यायालय) अथवा संयुक्त राज्यको जिल्ला न्यायालयमा ल्याउन पाइन्छ।

### समयको मियाद

कार्रवाई ल्याउने पक्ष (तपाईं अथवा तपाईंको स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियन) सँग सुनुवाई अधिकृतले गरेको निर्णयको मितिको ६० क्यालेण्डर दिनहरूभित्र कानूनी कार्रवाई दर्ज गराउने अधिकार हुनेछ।

### थप प्रकृयाहरू

सबै कानूनी कार्रवाईमा, न्यायालयलेः

- प्रशासनिक सुनुवाईहरूको रेकर्डहरू पाउँदछ;
- तपाईं अथवा तपाईंको स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनको आग्रहमा थप प्रमाणहरूको सुनुवाई गर्दछ; र
- प्रमाणहरूको बढ़ी संख्याको आधारमा र आफ्नो निर्णय गर्दछ र आँफूले उपयुक्त ठान्ने राहत प्रदान गर्दछ।

### जिल्ला न्यायालयहरूको अधिकार–क्षेत्र

संयुक्त राज्य अमेरिकाका जिल्ला न्यायालयहरूलाई जतिसुकै विवाद भएपनि आइडिया अथवा भर्मोन्ट विशेष शिक्षा नियमहरू अन्तरगत गरिएका कार्रवाईहरूमाथि निर्णय दिने अधिकार हुन्छ।

### नियमको निर्माण

आइडिया र भर्मोन्ट विशेष शिक्षा नियमहरूमा यस्तो केहि छैन जसले संयुक्त राज्य अमेरिकाको १९९०को अपाङ् अमेरिकीहरूको ऐन, १९७३को पुनरुद्धार ऐनको शीर्षक पाँच (सेक्शन ५०४), अथवा अपाङ नानीहरूको अधिकारहरूलाई जोगाउने अरू संघिय कानूनहरू अन्तरगत उपलब्ध उपलब्ध अधिकारहरू, प्रकृयाहरू र उपायहरूलाई सीमित गरोस् अथवा छेकोस्। अपवादस्वरूप यिनी कानूनहरू अन्तरगत कानूनी कार्रवाई दर्ज गराएर राहत खोज्नुअघि जुन आइडिया र भर्मोन्ट विशेष शिक्षा नियमहरूपनि उपलब्ध छ, माथि भनिएका ड्यू प्रोसेस प्रकृयाहरू त्यतिसम्म सिद्धिएको हुनुपर्दछ जतिसम्म आइडिया र भर्मोन्ट विशेष शिक्षा नियमहरूअन्तरगत पक्षले कार्रवाईलाई दर्ज गराए जतिसम्म आवश्यक हुनेथियो।

यसको अर्थ हो कि तपाईंसँग कानूनहरू अन्तरगत यस्ता उपायहरू उपलब्ध हुनसक्छन् जुन आइडियामा उपलब्धको सट्टा आउँदछन्, तर सामान्य रूपमा, ती अरू कानूनहरू अन्तरगत राहत पाउनको लागि सोझै न्यायालय जानुभन्दा अघि तपाईंले पहिला आइडिया (भनेपछि ड्यू प्रोसेस गुनासो, समाधान मीटिङ, र निष्पक्ष ड्यू प्रोसेस सुनुवाई प्रकृयाहरू) अन्तरगत उपलब्ध प्रशासनिक उपायहरूको प्रयोग गरिसकेको हुनुपर्दछ।

## अटर्नीहरूको शुल्क

नियम २३६५.१.१०

### सामान्य

यदि आइडिया र भर्मोन्ट विशेष शिक्षा नियमहरूको कुनै कार्रवाई अथवा सुनुवाईमा तपाईं जित्नुहुन्छ भने, न्यायालयले आफ्नो विवेकानुसार, लागतको अंशको रूपमा अटर्नीको शुल्क तपाईंलाई तिर्नेछ।

आइडिया र भर्मोन्ट विशेष शिक्षा नियमहरू अन्तरगत ल्याइएको कुनै कार्रवाई अथवा सुनुवाईमा, न्यायालयले आफ्नो विवेकको अनुवार अटर्नीको पर्याप्त शुल्कलाई वर्तमान भर्मोन्ट शिक्षा विभाग अथवा स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनलाई पर्ने लागतको अंशको रूपमा तपाईंको अटर्नीले तिर्नुपर्ने पैसालाई तिर्नसक्दछ, यदि अटर्नीलेः

- दर्ज गराएको गुनासो अथवा न्यायालय मुद्दालाई न्यायालयले असभ्य, अपर्याप्त अथवा निराधार पाउँदछ; अथवा

- न्यायालयमा लड्न यो थाहा पाइएतापनि जारीनै राख्दछ कि यसो गर्नु असभ्य, अकारण अथवा निराधारयुक्त कार्य हो; अथवा

आइडिया र भर्मोन्ट विशेष शिक्षा नियमहरू अन्तरगत ल्याइएको कुनै कार्रवाई अथवा सुनुवाईमा, न्यायालयले आफ्नो विवेकको अनुवार अटर्नीको पर्याप्त शुल्कलाई तपाईं अथवा तपाईंको अटर्नीले तिर्नुपर्ने शुल्क वर्तमान भर्मोन्ट शिक्षा विभाग अथवा स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनलाई पर्ने लागतको अंशको रूपमा तिर्नसक्दछ, यदि ड्यू प्रोसेस सुनुवाई अथवा पछि न्यायालय मुद्दाको तपाईंको आग्रहलाई कुनै अनुपयुक्त उद्देश्यको लागि प्रस्तुत गरिएको थियो, जस्तैः:

- सताउनको लागि
- अनावश्यक रूपमा ढिलाइ गर्नको लागि, अथवा
- कार्रवाई अथवा सुनुवाईको लागतलाई अनावश्यक रूपमा बढ़ाउनको लागि।

### शुल्क दिनु

न्यायालयले तल लेखे अनुसार अटर्नीहरूको पर्याप्त शुल्क दिनसक्दछः

- शुल्क समाजमा चलिरहेको त्यस दरको आधारमा हुनुपर्दछ जो दिइएका यस्तो प्रकार र क्वालिटीका सेवाहरूमा दिइन्छन् जुन् कार्रवाई अथवा सुनुवाई हुँदा दिइन्छ। दिइने शुल्कहरूलाई गन्दा कुनै बोनस अथवा पैसा वृद्धिलाई प्रयोग गर्न पाइँदैन।

- सम्झौताको लिखित प्रस्ताव तपाईंलाई दिइसकेपछि भर्मोन्ट विशेष शिक्षा नियमहरू अन्तरगतको कार्रवाई अथवा सुनुवाईको लागि दिइएका सेवाहरूको शुल्क र सम्बन्धित शुल्कहरू तपाईंलाई नतिर्न अथवा फिर्ता नगर्न पनि सकिन्छ, यदिः
    - प्रस्ताव कानूनी प्रकृयाहरूका संघिय नियमहरूको को नियम ६८ द्वारा तोकिएको समयभित्र गरिन्छ अथवा ड्यू प्रोसेस सुनुवाई अथवा मुलुकिय स्तरको समिक्षाको मामिलामा, प्रस्ताव सुनुवाई आरम्भ हुनुभन्दा १० पहिला गरिन्छ;
    - प्रस्तावलाई १० क्यालेण्डर दिनहरूभित्र स्वीकार गरिंदैन; र
    - न्यायालय अथवा प्रशासनिक सुनुवाई अधिकृतले यो पाउँदछ कि अन्त्यमा पाइने राहतभन्दा तपाईंको लागि सम्झौताको प्रस्ताव बेसी हुनेछ।
    - यस्ता सबै प्रतिबन्धहरू हुँदाहुँदै पनि, तपाईंलाई अटर्नीहरूको शुल्क र सम्बन्धी लागतहरू तिर्न सकिन्छ यदि तपाईं जित्नुहुन्छ र तपाईंलाई सम्झौताको प्रस्ताव अस्वीकार गरिंदा असल रूपमा बुझाइएको थियो।

- निजीकृत गरिएको शिक्षा कार्यक्रम (आई.ई.पी) टिमको कुनै मीटिङ्को सम्बन्धमा शुल्क तिर्न सकिंदैन जबसम्म मीटिङ् कुनै प्रशासनिक सुनुवाई अथवा न्यायालयको कार्रवाईले गर्दा भएको नहोस्।

- मध्यस्थता शीर्षक अन्तरगत लेखेअनुसार मध्यस्थताको शुल्क नतिर्न सकिन्छ।
    - समाधान मीटिङ् शीर्षक अन्तरगत लेखेअनुसार समाधान मीटिङ्लाई प्रशासनिक सुनुवाई अथवा न्यायालयको कार्रवाईको परिणामस्वरूप गरिएको मानिंदैन र यस्ता अटर्नीहरूको शुल्कका प्रावधानहरूको उद्देश्यहरूको लागि प्रशासनिक कार्रवाई अथवा न्यायालय कार्रवाईपनि मानिंदैन।

- न्यायालयले, उपयुक्त भएमा, आइडिया र भर्मोन्ट विशेष शिक्षा नियमहरू अन्तरगत दिइएको अटर्नीहरूको शुल्क घटाउन सक्दछ यदि न्यायालयलाई यो लाग्दछ किः
    - कार्रवाई अथवा सुनुवाईको समयमा तपाईं अथवा तपाईंको अटर्नीले अकारण विवादको अन्तिम समाधानमा ढिलाइ गरेको थियो;

- दिइने अटर्नीहरूको शुल्कको अन्यथा अधिकृत रकम घंटाको दरले समाजमा चलिरहेको पर्याप्त समान सीप, प्रतिष्ठा र अनुभवभएका अटर्नीहरूले दिइने समान सेवाहरूको लागि पाउने दरलाई अकारण नाघेको छ;
- कार्रवाई अथवा सुनुवाईको प्रकृतिलाई लिएको समय र कानूनी सेवाहरू बढ़ी थियो; अथवा
- तपाईंको प्रतिनिधि अटर्नीले तपाईंको स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनलाई ड्यू प्रोसेस गुनासो शीर्षक अन्तरगत लेखेअनुसार ड्यू प्रोसेस आग्रह सूचनामा उपयुक्त सूचना दिइएको थिएन।
    - तरपनि, न्यायालयले शुल्क घटाउन सक्दैन यदि त्यसलाई लाग्दछ कि मुलुकीय अथवा स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनले अकारण कार्रवाई अथवा सुनुवाईको अन्तिम समाधानमा ढिलाई गरेको थियो अथवा आइडिया र भर्मोन्ट विशेष शिक्षा नियमहरूको प्रकृयाबद्ध सुरक्षा उपायहरूको प्रावधानहरू अन्तरगत उल्लङ्घन भएको थियो।

# अपाङ् नानीहरूलाई अनुशासन गर्दा प्रकृयाहरू

## स्कूल अधिकारीको अधिकार

नियम ४३१३.१

### मुद्दाको आधारमा निर्धारण

विद्यार्थी आचरणसम्बन्धी स्कूलको कोडलाई भङ्ग गर्ने अपाङ् नानीको लागि, अनुशासनसम्बन्धी तल लेखिएका आवश्यकताहरूको आधारमा गरिएको स्थान परिवर्तन निर्धारण, उपयुक्त छ अथवा छैन, स्कूल अधिकृतले प्रत्येक मुद्दाको आधारमा विशेष परिस्थितिहरूबारे विचार गर्न सक्दछ।

### सामान्य अधिकार

स्कूल अधिकृतहरूले अपाङ् नानीहरूमाथि पनि यस्ता कार्रवाई गरून्, यसको लागि उनीहरू लगत्तै १० स्कूल कार्यदिनहरूजति मात्रको लागि यस्तो अपाङ् नानीलाई त्यसको वर्तमान शैक्षिक भर्नाबाट निष्कासन गरेर उपयुक्त अन्तरिम वैकल्पिक शैक्षिक संस्था (जसलाई नानीहरूको निजीकृत गरिएको शैक्षिक कार्यक्रम (आई.ई.पी.) टिमबाट तोकिएको हुनुपर्दछ), अरू संस्थामा भर्ना अथवा सम्पूर्ण रूपले निष्कासन गर्नसक्दछ जसले विद्यार्थी आचरणसम्बन्धी कोडलाई भङ्ग गरेको होस्। स्कूल अधिकृतले दुर्व्यवहारका विभिन्न घटनाहरूको उत्तरमा नानीहरूमाथि लगत्तै १० स्कूल कार्यदिवसहरूको लागि थप निष्कासनपनि लागू गर्नसक्दछ; त्यतिबेलासम्म जबसम्म यस्ता निष्कासनहरूले शैक्षिक भर्नामा परिवर्तन न गराऊन् (परिभाषाको लागि तल अनुशासनात्मक निष्कासनले गर्दा शैक्षिक भर्नामा परिवर्तन हेर्नुहोस्)।

सेवाहरू उपशीर्षक अन्तरगत एकपटक अपाङ् नानीलाई तिनको वर्तमान शैक्षिक ठाउँबाट त्यस स्कूल वर्षमा जम्मा १० स्कूल दिवसहरूको लागि निष्कासित गरियो भने तपाईंको स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनले आवश्यक रूपमा त्यस स्कूल वर्षमा निष्कासन पछिका दिनहरूमा चाहिएको जति सेवाहरू प्रदान गर्नुपर्दछ।

### थप अधिकार

यदि विद्यार्थीसम्बन्धी आचरण कोड भङ्ग गर्ने व्यवहार नानीको अपाङ्पनाको प्रदर्शन (प्रदर्शनको निर्धारणलाई तल हेर्नुहोस्) थिएन र शैक्षिक ठाउँमा अनुशासनसम्बन्धी परिवर्तन लगत्तै १० स्कूल कार्यदिवसभन्दा बढ्नेछ भने भने स्कूल अधिकृतले त्यस अपाङ् विद्यार्थीमाथि अनुशासनसम्बन्धी प्रकृयाहरू समान तरिकाले लागू गर्न सक्दछ र स्वस्थ नानीहरूमा जतिसमयसम्म यो प्रकृया लागू गरिन्छ त्यतिबेलासम्मको लागि लागू गर्न सक्दछ, अपवादस्वरूप स्कूलले तिनी नानीलाई सेवाहरू आवश्यक रूपमा तल सेवाहरू अन्तरगत लेखेअनुसार प्रदान गर्नुपर्दछ।

नानीको आई.ई.पि. टिमले यस्ता सेवाहरूको निम्ति अन्तरिम वैकल्पिक शैक्षिक संस्थान तोक्दछ।

### सेवाहरू

वर्तमान शैक्षिक ठाउँबाट निष्कासन गरिएको अपाङ् नानीलाई एउटा अन्तरिम वैकल्पिम शैक्षिक संस्थानमा आवश्यक सेवाहरू प्रदान गर्नुपर्दछ।

स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनले वर्तमान शैक्षिक ठाउँबाट १० अथवा कम्ती स्कूलदिवसहरूको लागि निष्कासन गरिएको अपाङ् नानीलाई त्यसै स्कूल वर्षभित्र सेवा प्रदान त्यसै परिस्थितिमामात्र आवश्यक छ यदि त्यसले यसै प्रकारले निष्कासन गरिएको अपाङ् नानीलाई यस्तो सेवा प्रदान गर्दछ।

वर्तमान शैक्षिक ठाउँबाट १० स्कूल दिवसहरूको लागि निष्कासन पाएको अपाङ् नानीले आवश्यक रूपमाः

- शैक्षिक सेवाहरू पाइराख्नुपर्दछ, जसले गर्दा अर्को संस्थानमा भएपनि त्यसलाई सामान्य शिक्षा पाठ्यक्रम अन्तरगत सहभागिता जारी राख्न काबिल बनाइयोस् र नानीको आई.ई.पी.मा तोकिएको लक्ष्यहरूपाउन तिर अगाड़ि बढ्न सकियोस्; र

- व्यवहार भङ्गलाई सम्बोधन गर्नको लागि बनाइएको कार्यशिल व्यवहारसम्बन्धी मूल्याङ्कन र व्यवहारसम्बन्धी मध्यस्थता सेवा र परिवर्तनहरू, जे उपयुक्त हुन्छ, पाउनुपर्दछ, जसले गर्दा यस्तो व्यवहार भङ्ग फेरि नहोस्।

अपाङ् नानीको वर्तमान शैक्षिक ठाउँबाट त्यसै स्कूल वर्षभित्र १० स्कूल कार्यदिवसको लागि निष्कासन भइसकेपछि र यदि वर्तमान निष्कासन लगत्तै १० अथवा कम्ती स्कूल कार्यदिवसहरूको लागि हो र निष्कासन शैक्षिक ठाउँको परिवर्तन छैन (परिभाषाको लागि तल हेर्नुहोस्) भने, स्कूल अधिकृतले नानीको कम्तीमा पनि एउटा शिक्षकसँग सल्लाह गरि यो तोक्दछ कि अर्को शैक्षिक संस्थानमा, सामान्य शिक्षा पाठ्यक्रममा सहभागिता जारी राख्नको लागि, र नानीको आई.ई.पि. अन्तरगत तोकिएका लक्ष्यहरूतिर अगाड़ि बढ्नको लागि सेवाहरूको आवश्यकता कहाँसम्मको लागि छ।

यदि निष्कासन भनेको शैक्षिक ठाउँमा परिवर्तन (परिभाषाको लागि तल हेर्नुहोस्) हो भने, नानीको आई.ई.पि टिमले सामान्य शिक्षा पाठ्यक्रममा नानीलाई, अर्को शैक्षिक संस्थानमा सहभागिता जारी राख्न सक्षम बनाउनको लागि र नानीको आई.ई.पि. अन्तरगत तोकिएका लक्ष्यहरूतिर अगाड़ि बढ्नको लागि उपयुक्त सेवाहरूलाई तोक्दछ।

## प्रदर्शनको निर्धारण

विद्यार्थी आचरणको कोड भङ्ग हुनाले अपाङ् नानीको शैक्षिक ठाउँ फेर्ने (यसमा त्यो निष्कासन सामेल छैन जुन लगत्तै १० अथवा कम्ती स्कूल दिवसहरूको लागि हुन्छ र यसभित्र शैक्षिक ठाउँमा परिवर्तन सामेल हुँदैन) निर्णयको १० स्कूल दिवसभित्र तपाईंको स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियन, तपाईं र (तपाईं, तपाईंको स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनले तोकेबमोजिम) आई.ई.पि. टीमका सम्बन्धित सदस्यहरूले विद्यार्थी फाइलमा भएको सम्पूर्ण जानकारी, जसभित्र नानीको आई.ई.पि., शिक्षकको अवलोकनहरू र तपाईंले दिनुभएको प्रत्येक जानकारीलाई यो निर्धारण गर्नको लागि आवश्यक रूपमा समिक्षा गर्नुपर्दछः

- यदि नानीको अपाङ्पना प्रश्नगरिएको आचरणको कारण थियो अथवा त्यससँग आचरणको प्रत्यक्ष र गहिरो सम्बन्ध थियो; अथवा

- यदि प्रश्नगरिएको आचरण तपाईंको स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनको नानीको आई.ई.पी. लागू गर्नमा असफलता को प्रत्यक्ष परिणाम थियो।

यदि तपाईंको स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियन, तपाईं, र तपाईंको नानीको आई.ई.पि. टिमको सम्बन्धित सदस्यहरूले यो तोक्दछन् कि यी परिस्थितिहरूमध्ये कुनै लागू हुन्छ भने, आचरणलाई नानीको अपाङ्पनाको प्रदर्शननै ठान्नुपर्दछ।

यदि तपाईंको स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियन, तपाईं, र तपाईंको नानीको आई.ई.पि. टिमको सम्बन्धित सदस्यहरूले यो तोक्दछन् कि प्रश्नगरिएको आचरण आई.ई.पि. लागू गर्नमा तपाईंको स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनको विफलताको प्रत्यक्ष परिणाम थियो भने, तपाईंको स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनले ती कमी–कमजोरीहरूलाई ठिक पार्न तुरुन्तै कार्यवाही गर्नुपर्दछ।

## यो तोक्नु कि व्यवहार नानीको अपाङ्पनाको प्रदर्शनले भएको थियो

यदि तपाईंको स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियन, तपाईं र आई.ई.पि टिमका सम्बन्धित सदस्यहरूले यो तोक्दछन् कि आचरण नानीको अपाङ्पनाको प्रदर्शन थियो, आई.ई.पि. टिमले आवश्यक रूपमा कि त

- शैक्षिक ठाउँमा परिवर्तन गराउने व्यवहार हुनुभन्दा अघि यदि तपाईंको स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनले कार्यसम्बन्धी व्यवहारको जाँच गरिसकेको रहेछ यस परिस्थितिबाहेकको परिस्थितिमा कार्यसम्बन्धी व्यवहारको जाँच गर्नुपर्दछ र नानीको व्यवहार मध्यस्थता योजना लागू गर्नुपर्दछ; अथवा

- यदि कुनै व्यवहारसम्बन्धी मध्यस्थता योजना पहिलादेखिनै विकसित भइसकेको छ भने, त्यस योजनाको समिक्षा गर्नुपर्दछ र व्यवहारलाई सम्बोधन गर्नुको निम्ति, आवश्यकता अनुसार, परिवर्तन गर्नुपर्दछ।

तल विशेष परिस्थितिहरू उपशीर्षक अन्तरगत भनिएअनुसार बाहेक, तपाईंको स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनले आवश्यक रूपमा नानीलाई त्यस शैक्षिक ठाउँमा फिर्ता ल्याउनुपर्दछ, जताबाट त्यसको निष्कासन गरिएको थियो, जबसम्म कि तपाईं र तपाईंको स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियन व्यवहारसम्बन्धी मध्यस्थता योजनामा परिवर्तनको अंशको रूपमा शैक्षिक ठाउँमा परितर्वनको लागि सहमत नहोऊन्।

### विशेष परिस्थितिहरू

व्यवहार नानीको अपाङ्पनाको प्रदर्शन होस् अथवा नहोस्, स्कूल अधिकृतले विद्यार्थीलाई ४५ स्कूल दिवससम्मको लागि नानीको निष्कासन गरेर त्यसलाई (नानीको आई.ई.पि. टिमले तोकेको) अन्तरिम वैकल्पिक शैक्षिक संस्थानमा हाल्न सक्दछ, यदि नानीलेः

- भर्मोन्ट शिक्षा विभाग अथवा स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनको अधिकार–क्षेत्रमा रहेको स्कूलमा, स्कूल परिसरभित्र अथवा स्कूलको कुनै फंक्शनमा कुनै हतियार बोकेर ल्याउँदछ (परिभाषाको लागि तल हेर्नुहोस्);

- भर्मोन्ट शिक्षा विभाग अथवा स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनको अधिकार–क्षेत्रमा रहेको स्कूलमा छँदा, स्कूल परिसरमा अथवा स्कूल फंक्शनमा जानेर अवैध लागूऔषध पदार्थ (परिभाषाको लागि तल हेर्नुहोस्) राख्दछ अथवा त्यसको प्रयोग गर्दछ, बिक्री गर्दछ अथवा कुनै नियन्त्रित पदार्थ (परिभाषाको लागि तल हेर्नुहोस्) को बिक्रीको मंसाय राख्दछ; अथवा

- भर्मोन्ट शिक्षा विभाग अथवा स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनको अधिकार–क्षेत्रमा रहेको स्कूलमा छँदा, स्कूल परिसरमा अथवा स्कूलको कुनै फंक्शनमा अर्को व्यक्तिलाई गम्भिर घाइते (परिभाषाको लागि तल हेर्नुहोस्) बनाएको छ।

### परिभाषाहरू

"नियन्त्रित पदार्थ" भनेको अर्थ हो लागू पदार्थ अथवा अरू पदार्थ जसलाई नियन्त्रित पदार्थहरूको ऐन (२१ यू.एस.सि. ८१२(सि) को सेक्शन २०२(सि)मा पहिलो, दोस्रो, तेस्रो, चौथो अथवा पाँचौं अनुसूचीअन्तरगत चिनिएको छ)।

लागूऔषध पदार्थ भनेको यस्तो नियन्त्रित पदार्थ हुन्छ, जसभित्र यस्तो कुनै नियन्त्रित पदार्थ हुँदैन जसलाई कानूनी रूपमा राखिएको छ अथवा जसलाई लायसेंसपाएको स्वास्थ्यको रेखदेख गर्ने पेशेवर व्यक्तिको निर्देशनमा प्रयोग गरिएको छ अथवा जसलाई कानूनी रूपमा राखिएको र कुनै अधिकृतको अन्तरगत त्यस ऐनअनुसार अथवा संघिय कानूनको कुनै प्रावधानअन्तरगत प्रयोग गरिएको छ।

"गम्भिर घाइते" को अर्थ शीर्षक १८ यूनाइटेड स्टेट्स कोडको सेक्शन १३६५को सबसेक्शन (एच)को अनुच्छेद (३) अन्तरगत रहेको शब्द "गम्भिर घाइते वा सिरियस बडिली इंज्युरी"को अर्थ हो।

"हतियार" को अर्थ यूनाइटेड स्टेट्स कोड, शीर्षक १८को सेक्शन ६६०को पहिलो सबसेक्शन (जि)को अनुच्छेद (२) अन्तरगत रहेको शब्द "खतरनाक हतियार" को अर्थ हो।

### सूचना

जुन मितिमा त्यसले निष्कासनको भनेको विद्यार्थी आचरणको कोड भङ्ग हुनाले नानीको शैक्षिक ठाउँमा परितर्वन गर्दछ, तपाईंको स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनले तपाईंलाई त्यस निर्णयको सूचना अवश्य दिनुपर्दछ र तपाईंलाई त्यसले प्रकृयानुरुप सुरक्षा उपाय सूचनापनि दिनुपर्दछ।

## अनुशासन सम्बन्धी निष्कासनले गर्दा शैक्षिक ठाउँमा परिवर्तन

नियम ४३१३.७

अपाङ् नानीको वर्तमान शैक्षिक ठाउँबाट निष्कासन शैक्षिक ठाउँबाट परिवर्तन हुन्छ यदिः

- निष्कासन लगत्तै १० स्कूल दिवसहरूको लागि छ;
- नानीलाई यस्ता निष्कासनहरूको शृंखलाको विषयाधीन गरिएको छ जुनको एउटा शैली बन्दछः
- निष्कासनहरूको शृंखला एउटा स्कूल वर्षमा जम्मा १० स्कूल दिवसहरूभन्दा बढ़ी;
- नानीको व्यवहार धेरैजसो त्यस् व्यवहार जस्तै छ जुन् त्यसले ती पछिल्ला घटनाहरूमा देखाएको थियो जसमा परिणामस्वरुप निष्कासनहरूको शृंखला भएको थियो; अथवा
- ती थप कारकहरू हुन्ः
    - प्रत्येक निष्कासनको अवधि,
    - नानीको निष्कासनको कुल जम्मा समय अवधि, र
    - निष्कासनहरूको छिटोपना; र
    - के निष्कासनहरूको शैली तपाईंको स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनमार्फत प्रत्येक मुद्दाको आधारमा शैक्षिक ठाउँमा परिवर्तन बन्दछ र, यदि चुनौती दिइयो भने ड्यू प्रोसेस र न्यायसम्बन्धी कार्रवाईहरूमार्फत समिक्षाको विषयाधीन हुन्छ।

### सेटिङ्लाई तोक्नु

नियम ४३१३.१

निजीकृत गरिएको शिक्षा कार्यक्रम (आईईपी) टिमले निष्कासनलाई आवश्यक रूपमा अन्तरिम वैकल्पिक शिक्षा सेटिङ्लाई तोक्नुनै पर्दछ जुन माथि शीर्षक थप अधिकार र विशेष परिस्थितिहरू अन्तरगत शैक्षिक ठाउँमा परिवर्तन र निष्कासनहरू हुन्छन्।

नियम ४३१३.२

निजीकृत गरिएको शिक्षा कार्यक्रम (आईईपी) टिमले निष्कासनलाई आवश्यक रूपमा अन्तरिम वैकल्पिक शिक्षा सेटिङ्लाई तोक्नुनै पर्दछ जुन माथि शीर्षक थप अधिकार र विशेष परिस्थितिहरू अन्तरगत शैक्षिक ठाउँमा परिवर्तन र निष्कासनहरू हुन्छन्।

### अपिल

नियम ४३१३.३

यदि त्यो तल लेखिएका कुराहरूसँग असहमत हुन्छ भने ड्यू प्रोसेस सुनुवाईाकि आग्रह गर्नको लागि तपाईंले ड्यू प्रोसेस गुनासो दर्ज गराउन सक्नुहुन्छ (माथि हेर्नुहोस्):

- यी अनुशासनसम्बन्धी प्रावधानहरू अन्तरगत गरिएका शैक्षिक ठाउँसम्बन्धी कुनै निर्णय; अथवा
- माथि लेखिएको प्रदर्शनको निर्धारण।

तपाईंको स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनले ड्यू प्रोसेस सुनुवाईको आग्रह गर्नको लागि ड्यू प्रोसेस गुनासो दर्ज गराउन सक्दछ (माथि हेर्नुहोस्) यदि त्यसलाई विश्वास छ कि वर्तमान शैक्षिक ठाउँमा राखेर नानीको अथवा अरूको घाउ हुने परिणामको सम्भावना धेरै बढ्दछ।

### *सुनुवाई अधिकृतको अधिकार*

जुन सुनुवाई अधिकृतले उपशीर्षक निष्पक्ष सुनुवाई अधिकृतबमोजिम आवश्यकताहरूलाई पुरा गर्दछ त्यसले आवश्यक रूपमा ड्यू प्रोसेस सुनुवाई गर्नुपर्दछ र एउटा निर्णय लिनुपर्दछ। सुनुवाई अधिकृतलेः

- अपाङ् नानीलाई निष्कासन गरिएको त्यस् शैक्षिक ठाउँमा फिर्ता पठाउँदछ जहाँबाट त्यसलाई निष्कासित गरिएको थियो, यदि सुनुवाई अधिकृतले तोक्दछ किः
    - निष्कासन स्कूल अधिकृतको अधिकार शीर्षक अन्तरगत लेखे अनुसार आवश्यकताहरूको उल्लङ्घन थियो, अथवा
    - कि नानीको व्यवहार नानीको अपाङ्पनाको प्रदर्शन थियो; अथवा
- यदि सुनुवाई अधिकृतले यो तोक्दछ कि नानीलाई वर्तमान शैक्षिक ठाउँमा राखी राखेर नानी अथवा अरूलाई घाउको परिणामको सम्भावना धेरैजसो बढ्न सक्नेछ। एन ४५ भन्दा कम्ती स्कूल दिवसहरूको लागि अपाङ् नानीको शैक्षिक ठाउँको कुनै उपयुक्त अन्तरिम वैकल्पिक शैक्षिक संस्थानमा परिवर्तन को आदेश दिन्छ।

यी सुनुवाई प्रकृयाहरूलाई दोहोऱ्याउन सकिन्छ, यदि तपाईंको स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनले यो मान्दछ कि पहिलाको शैक्षिक ठाउँमा नानीलाई फिर्ता पठाइयो भने नानी र अरूलाई घाउलाग्ने सम्भावना धेरैजसो बढ्दछ। .

### छिटो ड्यू प्रोसेस सुनुवाई

जहिलेपनि कुनै आमा–बुवा अथवा स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनले कुनै यस्तो सुनुवाईको लागि ड्यू प्रोसेस गुनासो दर्ज गराउँदछ, सुनुवाई यसरी हुनुपर्दछ कि त्यसबाट ड्यू प्रोसेस गुनासो प्रकृया, ड्यू प्रोसेस गुनासोहरूमाथि सुनुवाई शीर्षकमा लेखे अन्तरगत आवश्यकताहरू पुरा होऊन्। अपवादको रूपमा भर्मोन्ट शिक्षा विभागले कुनै छिटो ड्यू प्रोसेस सुनुवाईको व्यवस्था गर्नुपर्दछ जुन सुनुवाई आग्रहगरिएको मितिको २० स्कूल दिवसहरूभित्र अवश्य हुनुपर्दछ र त्यसमा सुनुवाई सकिए पछिको १०दिन भित्र परिणामको रूपमा केहि निर्धारण हुनुपर्दछ।

जहिलेसम्म तपाईं र तपाईंको स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियन लिखितमा मीटिङ् उठाउनको लागि अथवा मध्यस्थताको लागि लिखितमा सहमत हुँदैनन् त्यतिबेलासम्म समाधान मीटिङ् ड्यू प्रोसेस मीटिङ्को सूचना पाएको सात क्यालेण्डर दिनभित्र अवश्य हुनुपर्दछ।

सुनुवाई तबसम्मको लागि जारी राख्न सकिन्छ जबसम्म ड्यू प्रोसेस गुनासो पाउनाको १५ क्यालेण्डर दिनहरूभित्र मुद्दाको दुबै पक्षहरूलाई संतुष्ट पार्ने समाधान निस्कँदैन।

छिटो ड्यू प्रोसेस सुनुवाईको निर्णयलाई त्यसै प्रकारले जुनसुकै पक्षले अपिल गर्न सक्दछ जुन प्रकारले त्यसले अरू ड्यू प्रोसेस गुनासोहरूको निर्णयहरूको लागि गर्नसक्दछ (माथि अपिलहरू हेर्नुहोला)।

### अपिलहरूको समयमा ठाउँ परिवर्तन

नियम ४३१३.४

जब माथि लेखे अनुसार, तपाईं, तपाईंको जिल्ला अथवा सुपरभाइजरी यूनियनले अनुशासन सम्बन्धी मामिलाहरूलाई लिएर कुनै ड्यू प्रोसेस गुनासोलाई दर्ज गराउँदछ, त्यतिबेलासम्म स्कूल अधिकृतको अधिकार शीर्षक अन्तरगत लेखे अनुसार नानीलाई आवश्यक रूपमा त्यस अन्तरिम वैकल्पिक शैक्षिक संस्थानमा राख्नुपर्दछ जसमा सुनुवाई अधिकृतको निर्णय ढिलो भइरहन्छ, अथवा त्यतिबेलासम्म राख्नुपर्दछ जहिलेसम्म निष्कासनको समय अवधिको मियाद नसकियोस्, दुबैमध्ये जो पहिला होस्।

# विशेष शिक्षा र सम्बन्धी सेवाहरूको लागि योग्यता नपाएका नानीहरूको संरक्षण

नियम ४३१३.५

## सामान्य संरक्षण

यदि कुनै नानीलाई विशेष शिक्षा र सम्बन्धी सेवाहरूको लागि योग्य ठानिन्छ र त्यसले विद्यार्थी आचरणको कोडलाई भङ्ग गर्दछ, तर अनुशासनसम्बन्धी कार्रवाही गराउने तपाईंको स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनलाई भएको (तल लेखे अनुसार) यस कुराको जानकारी थियो कि नानी अपाङ् नानी रहेछ भने नानीले यस सूचनामा लेखिएका सुरक्षाहरूको लागि दबाव दिन सक्दछ।

## अनुशासनसम्बन्धी मामिलाहरूको लागि जानकारीको आधार

स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनलाई नानी अपाङ् भएको जानकारी भएको अवश्य ठानिन्छ यदि, अनुशासनसम्बन्धी कार्रवाही गराउने व्यवहार हुनुभन्दा अघिः

- यदि तपाईंले आफ्नो सुपरभाइजर अथवा उपयुक्त शैक्षिक एजेंसीको प्रशासनिक अधिकृत, अथवा नानीको शिक्षकलाई नानीको लागि विशेष शिक्षा र सम्बन्धी सेवाहरूको आवश्यकताभएको लिखितमा आग्रह गर्नुभएको थियो;
- तपाईंले आइडिया र भर्मोन्ट विशेष शिक्षा नियमहरू अन्तरगत विशेष शिक्षा र सम्बन्धी सेवाहरूसम्बन्धी योग्यताको सम्बन्धमा एउटा मूल्याङ्कनको आग्रह गर्नुभएको थियो; अथवा
- नानीको शिक्षक, अथवा स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियन अधिकृतले तपाईंको स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनको विशेष शिक्षा निदेशक अथवा तपाईंको स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनको अरू सुपरभाइजरी अधिकृतलाई सोझै नानीले देखाएको व्यवहारको तरिकाबारे विशेष चिन्ता जाहेर गर्नुभएको थियो। ।

स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनलाई यस्तो जानकारी नभएको ठानिनेछ यदिः

- नानीको आमा–बुवाले नानीको विशेष शिक्षा सेवाहरूको लागि मूल्याङ्कनको अनुमति दिएको छैन; अथवा
- नानीको आइडिया र भर्मोन्ट विशेष शिक्षा नियमहरू अन्तरगत नानी अपाङ् नभएको मूल्याङ्कन गरिएको र तोकिएको छ।

## यदि जानकारी भएको कुनै आधार छैन भने लागू हुने परिस्थितिहरू

यदि नानीविरुद्ध अनुशासनात्मक उपायहरू गर्नुभन्दा अघि माथि अनुशासन सम्बन्धी मामिलाहरूको लागि जानकारीको आधार उपशीर्षक अन्तरगत लेखे अनुसार स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनलाई नानी अपाङ् भएको जानकारी थिएन भने नानीलाई ती अनुशासनात्मक उपायहरूको विषयाधीन बनाउन सकिन्छ जुन् यस्ता अपाङ् नभएका नानीहरू हुन्छन् र यस्ता व्यवहारहरू गर्दछन्।

तर, यदि नानीको मूल्याङ्कनको आग्रह नानी अनुशासनात्मक उपायहरूको विषयाधीन बनाउनुअघि गरिन्छ भने, मूल्याङ्कनलाई आवश्यक रूपले छिटो तरिकाले गर्नुपर्दछ।

मूल्याङ्कन नसकिन्जेलसम्म, नानी स्कूल अधिकृतहरूबाट तोकिएको शैक्षिक ठाउँमा रहन्छ, जसभित्र शैक्षिक सेवाहरूबिनाको निष्कासन अथवा निकाला हुनसक्दछ।

यदि नानीलाई अपाङ् तोकिन्छ भने, तपाईंको स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनले आयोजना गरेको मूल्याङ्कन गरेपछि पाएको जानकारी र तपाईंले दिनुभएको जानकारीलाई विचार गरि तपाईंको स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनले आइडिया र भर्मोन्ट विशेष शिक्षा नियमहरू अन्तरगत माथि लेखिएको अनुशासनसम्बन्धी आवश्यकताहरू सहित विशेष शिक्षा र सम्बन्धी सेवाहरू अवश्य प्रदान गर्नुपर्दछ।

## कानून लागू गर्ने र न्यायालयसम्बन्धी अधिकृतहरूलाई सन्दर्भ गर्नु र तिनहीरूबाट कार्रवाही गरिनु

नियम ४३१३.६

यी नियमहरूमा केहिले पनिः

- कुनै एजेंसीलाई अपाङ् नानीले गरेको अपराधलाई उपयुक्त अधिकृतहरूलाई रिपोर्ट गर्नबाट छेक्दैन; अथवा
- मुलुकीय कानून लागू गर्ने र न्यायायलयसम्बन्धी अधिकृतहरूलाई अपाङ् नानीले गरेको अपराधमाथि संघिय र मुलुकीय कानूनलागू गर्ने सम्बन्धी आफ्नो जिम्मेवारी पूर्ण गर्नबाट छेक्दैन।

### रेकर्डहरूलाई पठाउनु

यदि स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनले अपाङ् नानीको कुनै अपराधलाई रिपोर्ट गर्दछ भने, स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनलेः

- यो सुनिश्चित अवश्य गर्नुपर्दछ कि एजेंसीले अपराध जसलाई रिपोर्ट गर्दछ त्यसलाई नानीको विशेष शिक्षा र अनुशासनसम्बन्धी रेकर्डहरूको कपीहरू विचार गरिनुको लागि पठाइएको होस्; र
- ननीको विशेष शिक्षा र अनुशासनसम्बन्धी रेकर्डहरूलाई त्यतिसम्ममात्र पठाउन सक्दछ जहाँसम्म परिवारको शैक्षिक अधिकार र गोप्यता ऐन (फेरपा) द्वारा अनुमति दिइएको होस्।

# सार्वजनिक खर्चामा आमा–बुवाबाट स्वतंत्र स्कूलहरूमा परिवर्तनसम्बन्धी आवश्यकताहरू

## सामान्य आवश्यकताहरू

नियम २३६८.४

आइडिया र भर्मोन्ट विशेष शिक्षा नियमहरूअन्तरगत स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनले तपाईंको अपाङ् नानीको कुनै स्वतंत्र स्कूलमा शिक्षा, जसभित्र विशेष शिक्षा र सम्बन्धी सेवाहरू सामेल छन्, को लागि कुनै खर्चा गर्न आवश्यक छैन, यदि तपाईंको स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनले तपाईंको नानीलाई सित्तैमा उपयुक्त सार्वजनिक शिक्षा (फेप) उपलब्ध गराएको छ र तपाईंले नानीलाई अर्को स्वतंत्र स्कूलमा राख्न रोइनुभएको छ। तर स्वतंत्र स्कूल रहेको ठाउँको स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनले आवश्यक रूपमा तपाईंको नानीलाई आवश्यक रूपमा यस्तो जनसंख्याभित्र सामेल गर्नुपर्दछ जसबारे आइडिया र भर्मोन्ट विशेष शिक्षा नियमहरूमा सामेल आमा–बुवाहरूबाट स्वतंत्र स्कूलहरूमा राखिएका नानीहरूबारे नियमहरू अन्तरगत विचार गरिन्छ।

## स्वतंत्र स्कूल परिवर्तनको खर्चाको पूर्ति

यदि तपाईंको नानीले कुनै स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनको अधिकारअन्तरगत विशेष शिक्षा र सम्बन्धी सेवाहरू पहिला पाइसकेको रहेछ र तपाईंले आफ्नो नानीलाई आफ्नो स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियन, कुनै न्यायालय अथवा सुनुवाई अधिकृतबाट सन्दर्भ नगरिकन अथवा सहमति नपाइकन कुनै स्वतंत्र प्राथमिक अथवा सैकण्डरी स्कूलमा पंजिकरण गराउने विकल्प रोइनुभएको छ भने एजेंसीले तपाईंलाई पंजिकरणको शुल्क तिर्नुपर्दछ यदिः

न्यायालय अथवा सुनुवाई अधिकृतले यो पाउँछ कि एजेंसीले तपाईंको नानीले सित्तैमा पाउनुपर्ने सार्वजनिक शिक्षा (फेप) लाई त्यस पंजिकरणभन्दा पहिला समयमै उपलब्ध गराएको थिएन, र

स्वतंत्र शैक्षिक ठाउँमा परिवर्तन रहेछ।

यदि त्यो शैक्षिक ठाउँ स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनहरूमा लागू हुने मुलुकीय मानकहरूको सन्दर्भमा अपुग रहेछ भने पनि सुनुवाई अधिकृत अथवा न्यायालयले तपाईंको शैक्षिक ठाउँमा परिवर्तनलाई उपयुक्त पाउन सक्दछ।

### खर्चाको पूर्ति कम्ती हुनु

माथिको अनुच्छेदमा भनिएको खर्चाको पूर्तिको पैसा घटाउन अथवा नकार्न सकिन्छ, यदिः

- पब्लिक स्कूलबाट तपाईंको नानीको निष्कासन हुनुभन्दा अघि हालैको निजीकृत गरिएको शैक्षिक कार्यक्रम (आई.ई.पि.) मीटिङ्मा उपस्थित हुँदा, तपाईंले आई.ई.पि. टिमलाई यो जानकारी दिनुभएको थिएन कि तपाईंले आफ्नो स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनले तपाईंको नानीलाई फेप दिनको लागि प्रस्ताव गरेको शैक्षिक ठाउँमा परिवर्तनलाई नकार्नु भएको थियो, यसभित्र सार्वजनिक खर्चामा आफ्नो नानीलाई कुनै स्वतंत्र स्कूलमा पंजिकरण गराउनप्रति तपाईंबाट आफ्नो विचार र मंसाय जाहेर गर्नुपनि सामेल थियो; अथवा

- तपाईंले आफ्नो नानीको पब्लिक स्कूलबाट निष्कासन गरिनुभन्दा कम्तीमा पनि १० कार्य दिवसहरू (कार्यदिवसबिचका सबै बिदाहरू मिलाएर) अघिसम्म, त्यस जानकारी बारे आफ्नो स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनलाई लिखितमा जानकारी दिनुभएको थिएन;

- पब्लिक स्कूलमा नानीको निष्कासन हुनुभन्दा अघि तपाईंको स्कूल जिल्ला अथवा सुपरभाइजरी यूनियनले तपाईंलाई लिखितमा तपाईंको नानीलाई मूल्याङ्कन गर्ने सम्बन्धी आफ्नो मंसायको एउटा पूर्व सूचना दिएको थियो (जसभित्र मूल्याङ्कनको उद्देश्यको उपयुक्त र पर्याप्त वक्तव्य सामेल थियो), तर तपाईंले आफ्नो नानीलाई मूल्याङ्कनको लागि उपलब्ध गराउनुभएको थिएन; अथवा

- न्यायालयले यो पाउँदछ कि तपाईंबाट गरिएका कार्यवाहीहरू कारणविहीन छन्।

तर, खर्चाको पूर्तिमा पर्ने लागतः

- लाई सूचना दिन असफल भएको हुना घटाउन अथवा नकार्न पटक्कै पाइँदैन यदिः
  - स्कूलले तपाईंलाई सूचना दिनुबाट छेकेको थियो;
  - माथि लेखे अनुसार तपाईंले सूचना दिनुपर्ने आफ्नो जिम्मेवारीसम्बन्धी सूचना पाउनुभएको थिएन; अथवा
  - माथि लेखेको आवश्यकताहरूको पालना गर्नाले तपाईंको नानीलाई शारीरिक रूपमा नोकसानी हुनसक्नेछ; र
- न्यायालय अथवा सुनुवाई अधिकृतको निर्णयअनुसार, तपाईंले आवश्यक सूचना दिन असफल भएको हुनाले घटाउन अथवा नकार्न नपाउन सकिन्छ यदिः
  - तपाईंले अँग्रेजी पढ्न र लेख्न जान्नुहुन्न; अथवा
  - माथिको आवश्यकताको पालना गर्नाले तपाईंको नानीलाई गम्भिर रूपमा भावनात्मक नोकसानी हुनसक्नेछ।